# हाम्रो दृष्टिकोणमा जलवायु परिवर्तन

## नेपालमा अपाङ्गता भएका महिला र जलवायु परिवर्तन









DIVERSE PATTERNS
cbm global disability inclusion
FAIRMED Health for the Poorest
handicap international humanity & inclusion
IDA International Disability Alliance

# सारसंक्षेप


यस प्रतिवेदनमा नेपालका विविध प्रकारका अपाङ्गता र पृष्ठभूमि भएका बाह्र जना महिलाको जलवायु परिवर्तनसम्बन्धी जीवनको अनुभूतिलाई समेटिएको छ । प्रतिवेदनमा उनीहरूले झेल्नुपर्ने अवरोध र उनीहरूमाथि पर्ने विशेष जोखिमहरू पहिचान गरी जलवायुसम्बन्धी नीति तथा कामलाई वास्तवमै समावेशी बनाउन सहयोग गर्ने कार्यान्वयनयोग्य सिफारिसहरू प्रस्ताव गरिएको छ । यस अनुसन्धानमूलक अध्ययनलाई नेपालका अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको सहयोग र परामर्शमा सम्पन्न गरिएको हो र यस अध्ययनको ढाँचा र सिफारिसहरू तिनै संस्थाहरूले निर्धारण गरेका प्राथमिकतामा आधारित रहेर प्रस्तुत गरिएका छन् ।

नेपालको विविध भूबनोट, भौगोलिक विविधता, जलवायुप्रति संवेदनशील प्राकृतिक स्रोतसाधन र जीविकोपार्जनमा उच्च निर्भरता, सरकारी निकाय तथा अन्य संस्थाको क्षमता वृद्धिको आवश्यकता जस्ता विभिन्न कारणले जलवायु परिवर्तनले उत्पन्न गर्ने प्रभावप्रतिको जोखिम उच्च रहेको छ । बाढी, पहिरो र खडेरी दोहोरिने मात्र होइन, अझ तीव्र हुँदै गएका छन् । अपाङ्गता भएका व्यक्तिहरू यस्ता घटनाबाट बढी प्रभावित भइरहेका छन्, तर नेपालमा अपाङ्गताको तथ्याङ्क विवरण न्यून छ । यस तथ्याङ्क कमीले अपाङ्गता भएका व्यक्तिहरू राज्यको प्रणालीबाटै कसरी बाहिर परेका छन् र जलवायु अनुकूलनसम्बन्धी योजना तथा नीतिनिर्माणमा उनीहरूको प्रतिनिधित्व न्यून रहेको देखाउँ छ । लिङ्ग, उमेर, आर्थिक अवस्था, गाउँबस्तीमा बसोबास गर्ने, आदिवासी जनजाति, जातीयता जस्ता अनेकौँ आधारमा हुने विभेदका विभिन्न अन्तरक्षेदिय कारणले अपाङ्गता भएका महिलाहरूको स्रोतसाधन, सेवा र निर्णय प्रक्रियामा पहुँच न्युन भई  उनीहरूमाथि पर्ने जोखिम झनै बढ्दै गएको छ। सामाजिक कलङ्क, पितृसत्तात्मक सोच तथा मूल्यमान्यता, परम्परागत विश्वास र दया वा परोपकारमा आधारित दृष्टिकोणले अपाङ्गता भएका महिलाले भोग्ने सामाजिक बहिष्करणलाई अझ गहिरो बनाउँछ, उनीहरूको आवतजावत तथा सहभागितामा बाधा पुऱ्याउँछ र उनीहरूको स्वायत्ततालाई सीमित गर्दछ ।



Diverse Patterns / CBM Switzerland et al.:
हाम्रो दृष्टिकोणमा जलवायु परिवर्तन
नेपालमा अपाङ्गता भएका महिला र जलवायु परिवर्तन

Thalwil, Switzerland, November 2025



**यस अध्ययनले जलवायु परिवर्तनले अपाङ्गता भएका महिलालाई के कसरी असमान रूपमा असर गर्छ भनेर देखाएको छ:**

■ अपाङ्गता भएका महिलाहरू न्यून आम्दानी र सीमित स्रोतसाधनका कारण राम्रोसँग जलवायु परिवर्तनका लागि पूर्वतयारी र अनुकूलन गर्न असमर्थ हुन्छन् ।

■ शारीरिक र सञ्चारसँग सम्बन्धित अवरोधका कारण पूर्वसूचना प्रणाली र सुरक्षित निस्कने बाटो सहजै प्रयोग गर्न सक्दैनन् । यस्ता प्रणाली र बाटोहरू अपाङ्गता भएका महिलाका लागि प्रायः पहुँचयुक्त नहुँदा उनीहरूको वातावरणीय प्रकोपप्रतिको जोखिम झनै बढेर जान्छ ।

■ जलवायु परिवर्तनका कारण पानीका स्रोतहरू सुकेर उत्पन्न हुने अभावले अपाङ्गता भएका महिला र उनीहरूको व्यक्तिगत सहयोगीका लागि घरायसी कामको बोझ र सरसफाइ तथा स्वच्छतासम्बन्धी चुनौती बढ्दै जान्छ ।

■ सरकारी तथ्याङ्क सङ्कलन, योजना र पुनर्लाभ प्रणालीमा रहेका कमीले जलवायु विपद् आएको बेला राहत, क्षतिपूर्ति र पुनर्लाभमा अपाङ्गता भएका महिलाहरूको समतामूलक पहुँच हुन पाउँदैन ।

**यी चुनौतीहरूबाहेक, अध्ययनमा सहभागी अपाङ्गता भएका महिलाले आफूहरूको जलवायु उत्थानशीलता तथा समावेशीकरणलाई बलियो बनाउने र जलवायुसम्बन्धी कार्य तथा निर्णयप्रक्रियामा आफूहरूको आवाज र अर्थपूर्ण सहभागिता बढाउने उपायहरू पनि बताएका छन् । केही प्रमुख उपायहरू यस प्रकार रहेका छन्:**

■ सामुदायिक ऐक्यबद्धता एवं परस्पर सहयोग, साथी-साथीबीचको सिकाइ क्रियाकलाप, क्षमता अभिवृद्धिका पहलहरू;

■ परम्परागत रैथाने र स्थानीय परिवेशअनुसार अनुकूल बनाइएका ज्ञानको पहिचान तथा मान्यता;

■ अपाङ्गता भएका व्यक्तिहरूका संस्था, महिला तथा युवा समूह र आदिवासी जनजाति संघसंस्थाबीच साझा मुद्दा र सरोकारका विषयमा साझेदारी तथा सहकार्य ।



p. 3/4: पश्चिम रुकुम, कर्णाली प्रदेशमा रहेको अस्थायी आश्रय (शौचालय, भान्सा र बसोबास कोठा), डिसेम्बर २०२४।

**जलवायु कार्यमा अपाङ्गता भएका महिलामाथि हुने अन्तरक्षेदिय विभेद न्यूनीकरणका लागि समन्वयात्मक प्रयास गरेर यी खोजनतिजाहरूको सम्बोधन गर्न सकिन्छ । केही उपयोगी उपायहरू यस प्रकार छन् :**

■ अपाङ्गता भएका महिलाहरूको उत्थानशीलता र स्रोतमाथिको पहुँच बढाउन छुट्टै आपतकालीन अनुकूलन कोष स्थापना गर्ने, घरपरिवारका लागि सञ्चालन गरिने खानेपानी योजना तथा कार्यक्रममा अपाङ्गता भएका महिलाहरूलाई प्राथमिकता दिने, समुदायमा रहेका आपसी एकताका संयन्त्रहरूलाई संस्थागत बनाउने, जलवायुसँग अनुकूल हुने गरी आवासमा गरिने परिवर्तनका लागि अनुदान दिने र लक्षित समूहहरू चयन गरी जलवायु उत्थानशील जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने कार्यहरू प्रभावकारी हुन सक्छन् ।

■ सर्वमान्य संरचनाका सिद्धान्तमा आधारित रहेर भौतिक संरचना तथा पूर्वाधार र सूचना सबैका लागि पहुँचयुक्त बनाइनुपर्दछ । शारीरिक अपाङ्गताका अलाबा इन्द्रिय तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि समेत पहुँचयुक्त हुने गरी बहुढाँचामा पूर्वसूचना प्रणाली र जलवायु सूचना, पहुँचयुक्त सुरक्षित निस्कने मार्ग र पहुँचयुक्त यातायातको व्यवस्था गर्नुपर्दछ ।

■ जलवायु कार्यमा अपाङ्गता भएका महिलाको अर्थपूर्ण सहभागिताका लागि अपाङ्गता भएका व्यक्ति र अपाङ्गता भएका महिलाहरूको संघसंस्थालाई आवश्यक सहयोग गरेर जलवायु मुद्दामा नेतृत्व गर्न सक्ने बनाउनुपर्दछ । पहुँचयुक्त जलवायु शिक्षा, आपतकालीन उद्धारकर्मीलाई अपाङ्गताअनुसारको सहायतासम्बन्धी तालिम, साथी–सहयोग सञ्जालको निर्माण तथा अपाङ्गता भएका व्यक्तिका संघसंस्था, महिला सञ्जाल र युवा सञ्जालहरूबीच बलियो समन्वयको विकास गर्नुपर्दछ ।

■ अनुसन्धान र ज्ञानको दायरा विस्तार गर्न वासिङ्गटन ग्रुप प्रश्नावली प्रयोग गरी अपाङ्गता सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन गर्नुपर्दछ र अनुकूलनसम्बन्धी स्थानीयस्तरका रैथाने ज्ञानको अभिलेखन गरी दस्तावेजीकरण गर्नुपर्दछ । जलवायु परिवर्तनका कारण सिर्जित पानी र अन्य स्रोतहरूको अभावले अपाङ्गता भएका महिलाको स्वास्थ्य, सरसफाइ, स्वच्छता, सुरक्षा र जीविकोपार्जनमा के कस्तो असर पार्दछ भन्ने विषयमा गहिरो अध्ययन गर्नुपर्दछ ।

# भूमिका

यो अध्ययन **स्विस डिसअयाबिलिटी एन्ड डेभलपमेन्ट कन्सोर्टियम (एसडीडीसी)** को आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न भएको हो । सन् २०१६ मा स्थापना भएको यो कन्सोर्टियम अन्तर्राष्ट्रिय सहयोग तथा विकास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिका अधिकार र समावेशीकरणको पैरवी गर्ने एउटा अन्तर्राष्ट्रिय सञ्जाल हो । यसका सदस्य संस्थाहरूमा सीबीएम स्विट्जरल्यान्ड, फेयरमेड (FAIRMED), ह्युमानिटी एन्ड इन्क्लुजन स्विट्जरल्यान्ड र इन्टरनेसनल डिजेबिलिटी अलायन्स रहेका छन् ।

हामी नेपालका विभिन्न भौगोलिक क्षेत्रलाई प्रतिनिधित्व गर्दै अमूल्य समय निकालेर जलवायु परिवर्तनका घटनाहरूबारे आफ्ना जीवनका अनूभति खुला मनले बताउनुहुने बाह्र जना अपाङ्गता भएका महिलाहरूप्रति अत्यन्त आभारी छौँ । यस अनुसन्धानलाई सुरुदेखि अन्त्यसम्म निर्देशित गरी सहयोग गर्ने नेपालका अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, मुख्य गरी नेपाल अपाङ्ग महिला सङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बी संस्था (कोशिश), नेपाल नेत्रहीन युवा सङ्घ (बायन), नेपाल नेत्रहीन सङ्घ, श्रवण–दृष्टिविहीन अभिभावक समाज नेपाल, नेत्रहीन महिला सङ्घ नेपाल, राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला सङ्घ नेपाल (निडवान), नेपाल हेमोफिलिया सोसाइटी, राष्ट्रिय बहिरा महासङ्घ नेपाल, नेपाल भकभके सङ्घ र बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावक महासङ्घ नेपाल प्रति पनि हामी आभारी छौँ ।

हामी काठमाडौँस्थित परामर्श तथा अनुसन्धान संस्था डाइभर्स प्याटर्न्सका डा. चन्द्र कटुवाल र सागर प्रसाईंप्रति सीमित बजेटभित्रै यो अध्ययन कुशलतापूर्वक सम्पन्न गर्नुभएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौँ । त्यसैगरी अध्ययनमा सहभागी सबै बाह्र जना महिलाका अनुभव प्रस्तुत गर्ने छोटा भिडियो अन्तर्वार्ताहरू तयार पारिदिनुहुने किशोर शर्माप्रति पनि कृतज्ञ छौँ। यी भिडियोहरू स्विस डिसअयाबिलिटी एन्ड डेभलपमेन्ट कन्सोर्टियमको वेबसाइट https://leave-no-one-behind.ch मा हेर्न सकिन्छ।

अध्ययनको समीक्षा स्विट्जरल्यान्ड र नेपालका कन्सोर्टियम सदस्य संस्था तथा अपाङ्गता क्षेत्रका चार साझेदार संस्था—नेपाल नेत्रहीन युवा सङ्घ (बायन), राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, नेपाल अपाङ्ग महिला सङ्घ र राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला सङ्घ नेपाल (निडवान)—समेत सम्मिलित निर्देशक समूहले गरेको थियो । यी सबै संस्थाबाट यस अध्ययन प्रतिवेदनलाई अन्तिम रूप दिन गरेको योगदानका लागि हार्दिक धन्यवाद छ ।

डिजाइन | Franziska Nyffeler

## विषयसूची


सारसङ्क्षेप 2

भूमिका 5

१ परिचय 8

२ अध्ययनमा अवलम्बन गरिएका विधि 9

२.१ अनुसन्धान प्रक्रिया 9

२.२ सीमाहरू 11

३ नेपालमा अपाङ्गता र जलवायु परिवर्तन 12

३.१ नेपालमा अपाङ्गता 12

३.२ अपाङ्गता सम्बन्धी प्रमुख कानुनी संरचनाहरू 13

३.३ नेपालमा जलवायु जोखिमको अवस्था 14

३.४ जलवायु कार्यसँग सम्बन्धित प्रमुख नीतिगत संरचनाहरू 16

४ खोज परिणामहरू 18

४.१ सामाजिक तथा सांस्कृतिक परिवेश 18

४.२ जलवायु सङ्कटासन्नता र विशेष प्रभावहरू 20

४.२.१ सुरक्षित उद्धार, गमनशीलता र पहुँचयुक्ततासम्बन्धी चुनौती 20

४.२.२ मानसिक स्वास्थ्यमा पर्ने प्रभाव 21

४.२.३ सूचनाको पहुँचयुक्तता 21

४.२.४ पानीको पहुँचमा रहेका चुनौती 22

४.२.५ तथ्याङ्क र योजना तर्जुमामा रहेका कमीहरू 24

४.३ जलवायु कार्यमा सहभागिता बढाउने कुराहरू 24

४.३.१ क्षमता अभिवृद्धि र सचेतना निर्माण 24

४.३.२ अनुभवजन्य ज्ञानको मान्यता र एकीकरण 25

४.३.३ सामुदायिक ऐक्यबद्धता र सहयोगी सञ्जाल 26

४.३.४ अन्य अभियानसँगको सहकार्य र सिकाइ 26

५ सिफारिसहरू 27

सन्दर्भ सामग्रीहरू > अंग्रेजी संस्करण हेर्नुहोस्



बागमती प्रदेशको राप्ती नगरपालिकामा घरहरूलाई जोखिममा पार्दै गरेको कटान, डिसेम्बर २०२४।

# १ परिचय

जलवायु परिवर्तनबाट अपाङ्गता भएका व्यक्ति र अन्य सीमान्तकृत समुदाय सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । तर अपाङ्गता भएका व्यक्तिहरूलाई अझै पनि जलवायुसम्बन्धी छलफल, संवाद र शासनका प्रक्रियाबाट प्रायः बाहिर राखिने गरिएको छ । संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धिको निर्णयकारी निकाय पक्ष राष्ट्रहरूको सम्मेलनले— जसलाई छोटकरीमा कोप (COP - Conference of the Parties) भनिन्छ— अपाङ्गता भएका व्यक्तिहरूलाई औपचारिक प्रतिनिधित्व गर्ने समूहका रूपमा स्वीकार गरिसकेको छैन । सन् २०१६ को पेरिस सम्झौता र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका पक्ष राष्टहरूको ती दस्ताबेज अन्तर्गत पूरा गर्नुपर्ने मानवअधिकारसम्बन्धी दायित्वहरू भए तापनि सन् २०२२ सम्म ८०% पक्ष राष्टहरूले राष्ट्रिय निर्धारित योगदानमा अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी कुनै उल्लेख गरेका थिएनन् (आईडीए २०२२) । पछिल्ला वर्षहरूमा यस दिशामा केही प्रगति भएको देखिए पनि त्यो अत्यन्त सुस्त गतिमा रहेको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिअन्तर्गतको समिति (सिडा) ले भनेको छ : जलवायु परिवर्तनका कारण उत्पन्न सङ्कटले पहिलेदेखि नै रहेका लैङ्गिक असमानतालाई झन् बढाएर गरिबीमा जीवनयापन गरिरहेका आम महिला, आदिवासी जनजाति महिला, जातीय तथा अन्य अल्पसङ्ख्यक समूहका महिला र अपाङ्गता भएका महिलामाथि हुने विभेदको बहुपक्षीय स्वरूपलाई थप जटिल बनाउने गर्दछ (सिडा २०१८) ।

यस प्रतिवेदनले नेपालमा जलवायु परिवर्तनबाट बढी प्रभावित हुने अपाङ्गता भएका महिलाका उपेक्षित आवाजहरूलाई प्रकाशमा ल्याएको छ । प्रतिवेदनले देशका विभिन्न भागमा बसोबास गर्ने विविध प्रकारका अपाङ्गता भएका बाह्र जना महिलाका जीवन्त अनुभवहरूलाई दस्ताबेजीकरण गरेको छ । सहभागितामूलक विधिहरूमा आधारित रहेको यस अनुसन्धानलाई नेपालका अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले मार्गनिर्देशन गरेका थिए । "जसको सवाल, उसैको नेतृत्व" सिद्धान्त अवलम्बन गरेको यस अध्ययनले जलवायु कार्य, जलवायु अनुकूलन तथा जलवायु उत्थानशीलतासम्बन्धी पहलहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागितामा रहेका अवरोध र सहभागितालाई सहज बनाउन सक्ने तत्वहरू समेत पहिचान गरी उनीहरूका विशिष्ट आवश्यकताहरू सम्बोधन गर्ने समावेशी जलवायु नीति तथा अभ्यासका लागि ठोस सिफारिसहरू प्रस्तुत गरेको छ । यस अध्ययन प्रतिवेदनको मुख्य उद्देश्य नेपालको जलवायु अनुकूलनका प्रयासहरूमा अपाङ्गता भएका महिलाहरूको अर्थपूर्ण र समतामूलक सहभागिता सुनिश्चित गर्ने नीति तथा कार्यक्रम निर्माणका लागि आवश्यक तथ्यगत जानकारी प्रस्तुत गर्नु रहेको छ ।

यस अध्ययनमा मिश्रित विधि प्रयोग गरिएको थियो । यसमा मुख्य गरी विभिन्न दस्ताबेजको डेस्क समीक्षा र सन् २०२४ नोभेम्बरदेखि २०२५ जनवरीसम्म सङ्कलित गुणात्मक तथ्याङ्क समेटिएको छ । यी तथ्याङ्क सन् २०२४ सेप्टेम्बरमा आएको २४४ जनाको ज्यान लिने विनाशकारी बाढीपछि लगत्तै सङ्कलन गरिएको थियो । अध्याय २ मा अनुसन्धानको विधि र प्रक्रियाबारे विस्तृत रूपमा उल्लेख गरिएको छ । अध्याय ३ मा अपाङ्गता र जलवायु परिवर्तनको अन्तरक्षेदिय सम्बन्धको विश्लेषण गर्दै नेपालका प्रमुख कानुन र नीतिहरूको विवेचनात्मक चर्चा गरिएको छ ।

अध्याय ४ मा विविध प्रकारका अपाङ्गता भएका महिलाहरूको प्रत्यक्ष भनाइ, उनीहरूले तयार पारेका फोटो कथाहरू र प्रत्यक्ष अवलोकनमा आधारित रहेर तयार गरिएका खोजनतिजाहरू प्रस्तुत गरिएको छ । अन्तमा, नीतिनिर्माता, नागरिक समाज, अपाङ्गता भएका व्यक्तिका संघसंस्था, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूले गर्नुपर्ने कार्यहरूबारे सिफारिसहरू प्रस्तुत गरिएको छ ।

## २ अध्ययनमा अवलम्बन गरिएका विधि

यो प्रतिवेदन तयार गर्न विभिन्न सान्दर्भिक दस्ताबेज, प्रमुख कानुन तथा नीतिहरूको टेबुल समीक्षा (डेस्क रिभ्यू) र २०८१ मङ्सिरदेखि २०८१ माघसम्म सङ्कलित गुणात्मक तथ्याङ्क प्रयोग गरिएको थियो । गुणात्मक तथ्याङ्क सङ्कलनका लागि नेपालका विविध प्रकारका अपाङ्गता र पृष्ठभूमि भएका बाह्रजना महिलासँग गहन अन्तर्वार्ता, सहभागीले तयार गरेका फोटो कथा, अनुसन्धानमा सहयोग गर्ने अपाङ्गता भएका व्यक्तिका संघसंस्थाहरूसँग छलफल र प्रत्यक्ष अवलोकन विधि अपनाइएको थियो ।

सहभागीहरूलाई आफ्नो जीवनका अनुभूति आफैले दस्ताबेजीकरण र सञ्चार गर्न फोटोभ्वाइस विधि (वाङ र बुरिसले सन् १९९४ मा विकास गरेको सहभागितामूलक दृश्य विधि) प्रयोगबारे सिकाइएको थियो । खुला रूपमा आफ्ना भनाइ राख्न र प्रस्तुत गर्न सहज होस् भनेर यस प्रतिवेदनमा अपाङ्गता भएका महिलाहरूको नाम राखिएको छैन ।

प्रश्नको तयारी र तथ्याङ्क व्याख्यालाई अन्तरछेदीय तथा जलवायु न्याय ढाँचाले निर्देशित गरेको थियो । अन्तरछेदीय विधिले विभेदका विभिन्न तहगत स्वरूपले कसरी जलवायुसम्बन्धी स्रोतसाधन र अनुकूलनका विकल्पमाथिको पहुँच सीमित बनाउँछन् भन्ने अध्ययन गरी किन नीतिहरूले विभिन्न तहका सीमान्तीकरणमा परेका व्यक्तिहरूलाई समेट्न प्रायः असफल हुन्छ भन्ने व्याख्या गरेको छ (घोष र दत्ता, २०२४) । जलवायु न्यायले जलवायु परिवर्तनलाई मानव अधिकारको सवाल मान्दै यस अध्ययनका खोजनिष्कर्षसँग अत्यन्त सान्दर्भिक तीन मुख्य आयाम — **वितरणमूलक न्याय** (जलवायु परिवर्तनको असमान प्रभाव र अनुकूलनका स्रोतसाधमा असमान पहुँच), **मान्यतामूलक न्याय** (कसको अनुभव र पहिचानलाई मान्यता र महत्त्व दिइन्छ), **र प्रक्रियागत न्याय** (अनुकूलनसम्बन्धी निर्णय प्रक्रियामा को सहभागी हुन्छ) भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

### २.१ अनुसन्धान प्रक्रिया

#### पृष्ठभूमि

२०८१ असारमा सीबीएम ग्लोबल नेपाल र कन्सोर्टियमका साझेदारहरू मिलेर काठमाडौँमा एउटा परामर्श कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा १२ वटा अपाङ्गता भएका व्यक्तिका संस्था र नेपालमा अपाङ्गता भएका महिलाहरूसम्बन्धी अघिल्लो पटकको फोटोभ्वाइस अध्ययनमा (बिगलर र अन्य, २०२२) सहभागी केही महिलाहरूको सहभागिता रहेको थियो । उक्त कार्यशालामा आगामी अध्ययनको विषय के हुने र कुन कुरालाई प्राथमिकता दिने भन्ने बारेमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूबाट सुझाव मागिएको थियो । सहभागीहरूबाट आएका सुझावहरूमा एउटा अनुसन्धानले जलवायु परिवर्तनका कारण फरक फरक प्रकारका अपाङ्गता भएका महिलाहरू कसरी प्रभावित हुन्छन् भन्ने बुझ्न जरुरी छ र जलवायुसम्बन्धी काममा उनीहरूको भूमिका अझ बलियो बनाउन क्षमता विकास गर्ने कार्यशाला सञ्चालन गर्नुपर्छ भन्ने रहेको थियो ।

परामर्शपछि डाइभर्स प्याटर्न्स (Diverse Patterns Pvt. Ltd.) नामक नेपालको संस्थालाई अनुसन्धान सम्पन्न गरी प्रतिवेदन तयार पार्ने जिम्मा दिइएको थियो । अनुसन्धान २०८१ साल, असोज १०–१२ मा आएको ठूलो बाढीपछि लगत्तै सुरु भएको थियो । उक्त बाढीले काठमाडौँ उपत्यका र वरपरका धेरै क्षेत्रमा ठूलो क्षति गरेको थियो र २४ जनाको ज्यान गएको थियो । अध्ययनमा सहभागी धेरै महिलाले यो विपद् प्रत्यक्ष रूपमा भोगेका वा नजिकबाट देखेका थिए । त्यसैले, उनीहरूको अनुभव र कथनहरू नै अध्ययनका नतिजा तयार गर्न महत्त्वपूर्ण आधार बनेका छन् ।

**समयरेखा र चरणहरू**
**[मङ्सिर २०८१ – माघ २०८१]**

## नमूना छनोट [कार्तिक, २०८१]

नेपालका अपाङ्गता भएका व्यक्तिका साझेदार संस्थाहरूले अध्ययनमा सहभागी हुने बाह्र जना महिला छनोट गरेका थिए । यसमा विभिन्न प्रकारका अपाङ्गता (सुनाइसम्बन्धी, दृष्टिसम्बन्धी, शारीरिक, मनोसामाजिक र बौद्धिक अपाङ्गता), भौगोलिक क्षेत्र (बागमती, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेश) तथा फरक–फरक सामाजिक–आर्थिक र जातीय पृष्ठभूमि भएका महिलालाई समेटिएको थियो ।

## तालिम कार्यशाला [४–५ मङ्सिर, २०८१]

काठमाडौँमा गरिएको दुईदिने कार्यशालामा सहभागी अपाङ्गता भएका महिलाहरूलाई अपाङ्गता अधिकार, जलवायु परिवर्तनका आधारभूत अवधारणा, फोटो खिच्ने तरिका र कथा भन्ने सरल विधिबारे तालिम दिइएको थियो ।

## फोटोमार्फत दस्ताबेजीकरण [मङ्सिर, २०८१ – माघ २०८१]

तालिमपछि सहभागीहरू आफ्नो समुदाय फर्किए र करिब एक महिनासम्म फोटो खिचेर जलवायु परिवर्तनका प्रभावहरू अभिलेखन गर्ने काम गरेका थिए ।

## विस्तृत अन्तर्वार्ता [मङ्सिर, २०८१ – माघ, २०८१]

अनुसन्धानकर्ताहरूले सबै बाह्र जना अपाङ्गता भएका महिलासँग विस्तृत अन्तर्वार्ता लिएर उनीहरूको अनुभव र कथा सङ्कलन गरेका थिए । चार अन्तर्वार्ता सहभागीहरूको घरमै लिइएको थियो – ललितपुरमा दुई, सिन्धुपाल्चोकमा एक र काभ्रे जिल्लाको बाढी प्रभावित रोशी उपत्यकामा एक । बाँकी आठ अन्तर्वार्ता २०८१ पुसमा काठमाडौँमा भएको फओअप कार्यशालामा लिइएको थियो ।

## फोटो प्रस्तुति कार्यशाला [१८–१९ पुस, २०८१]

काठमाडौँमा भएको दोस्रो दुईदिने कार्यशालामा सहभागीहरूले आफूले खिचेका फोटोहरू प्रस्तुत गरेका थिए । उनीहरू जलवायु प्रभाव, अनुकूलनका उपाय र सामाजिक न्यायका विषयसम्बन्धी समूह छलफलमा पनि सहभागी भएका थिए । यस सामूहिक छलफलले अन्तर्वार्ताबाट आएका कुराहरू पुष्टि गर्न सहयोग गरेको थियो ।

## प्रमाणीकरण तथा परामर्श कार्यशाला [२३ पुस, २०८१]

अन्तिम कार्यशाला अपाङ्गता भएका व्यक्तिका ११ वटा संस्थाका सदस्यहरूसँग भएको थियो । कार्यशालामा आपसी संवाद विधि प्रयोग गरी जलवायु परिवर्तनका प्रभाव, जलवायुसम्बन्धी कामको दृष्टिकोण, उत्थानशीलता बढाउने कुरा र पैरवीका सिफारिसहरूबारे छलफल गरिएको थियो । संस्थागत सुझावहरू पनि समेटेर अन्तिम सिफारिसहरू तयार पारिएको थियो ।




फोटो प्रस्तुति कार्यशालामा प्रदर्शन गरिएको नक्सा। यस नक्सामा ती बाह्र जना महिला बसोबास गर्ने ठाउँ देखाइएको छ (डाइभर्स प्याटर्न्स, पुस, २०८१)

## २.२ सीमाहरू

यो अध्ययन नेपालका जलवायु तथा अपाङ्गता नीतिको सन्दर्भमा छनोट गरिएका बाह्र जना अपाङ्गता भएका महिलाका आवाज तथा जीवन अनुभवमा आधारित रहेको छ। यसकारण, यस अध्यनका नतिजाहरूले नेपालभरिका सबै अपाङ्गता भएका महिलाको सम्पूर्ण विविधतालाई प्रतिनिधित्व गर्छ भनेर सामान्यीकृत गर्न सकिँदैन। अध्ययनले जलवायु परिवर्तनको दीर्घकालीन प्रभावहरूको गहिराइ र जटिलता पनि पूर्ण रूपमा समेट्दैन। सहभागी महिलाहरूले खिचेका फोटोहरूले अनुसन्धान अवधिमा देखिएका असरहरूको छोटो दृश्य मात्र देखाउँछन्। फोटोको विषयवस्तु र गुणस्तर सहभागीहरूको सीप र उपलब्ध साधनअनुसार फरक–फरक रहेको छ। सबै अन्तर्वार्ता नेपालीमा लिएर पछि अङ्ग्रेजीमा अनुवाद गरिएको थियो। अनुवाद प्रक्रियामा अर्थका केही साना भिन्नताहरू आउने सम्भावना रहन्छ।

# ३ नेपालमा अपाङ्गता र जलवायु परिवर्तन

## ३.१ नेपालमा अपाङ्गता

२०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको २.२% अपाङ्गता भएका व्यक्ति छन् । अपाङ्गता अधिकार समूह र विज्ञहरूको भनाइमा यो सङ्ख्या वास्तविकताभन्दा धेरै कम हो । यसका कारणहरूमा सचेतना तथा जानकारीको कमी, सामाजिक कलङ्क, तथ्याङ्क सङ्कलनका कमजोरी र अपाङ्गतालाई कार्यक्षमताको पक्षबाट नहेरेर चिकित्सकीय पक्षबाट मात्र हेर्ने सरकारी प्रणाली जस्ता कारणले थोरै सङ्ख्या अभिलेख भएको हो (युएनपीआरपीडी UNPRPD २०२२:२४) । धेरै मानिस, विशेष गरी दुर्गम गाउँहरूमा बसोबास गर्ने मानिसहरू भेदभावको डर तथा निदान र सेवा नपुग्ने कारणले आफूलाई अपाङ्गता भएको व्यक्ति भनेर चिनाउन चाहँदैनन् । विश्व स्वास्थ्य सङ्गठनले विश्वको करिब १६% जनसङ्ख्यामा अपाङ्गता रहेको अनुमान गरेको छ (२०२२) ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूले जीवनका धेरै क्षेत्रमा निरन्तर अनेकौँ अवरोधहरू सामना गरिरहेका छन् । गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र रोजगारीमा राम्रो पहुँच नपाउनु, भौतिक संरचनाहरू पहुँचयुक्त नहुनु, भेदभावपूर्ण सोच रहनु र आवश्यक सहयोग एवं अनुकूलनको कमी हुनु केही मुख्य अवरोधहरू हुन् । अपाङ्गता भएका व्यक्तिहरू रहेका परिवारहरू प्रायः अझै बढी गरिबीमा बाँच्न बाध्य हुन्छन् । चरम गरिबी तथा मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकले सन् २०२२ मा नेपाल भ्रमण गर्दा, नेपालमा अपाङ्गता भएका व्यक्तिहरू बहुआयामिक गरिबीले असमान रूपमा प्रभावित भएको निष्कर्ष निकालेका थिए – यसमा कामको अवस्था, खाद्य सुरक्षा, स्वास्थ्यमा हुने खर्च, आवास, हिंसाको जोखिम र निर्णय प्रक्रिया एवं मतदान अधिकारबाट बहिष्करण आदि छन् (संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद् २०२२:१४) ।

अपाङ्गता साथै सामाजिक–आर्थिक अवस्था, लैङ्गिक स्थिति, जातीयता, जात व्यवस्था र भूगोल (ग्रामीण वा सहरी) जस्ता कारकहरूले अपाङ्गता भएका व्यक्तिले भोग्ने भेदभावको स्वरूपलाई निर्धारण गर्दछ । संयुक्त राष्टसङ्घको अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी समितिले सन् २०१८ मा गरेको नेपालको समीक्षाअनुसार अपाङ्गता भएका महिला र किशोरी, बौद्धिक र मनोसामाजिक अपाङ्गता भएका व्यक्ति, अटिजम भएका व्यक्ति, तथा दलित, मधेसी, मुस्लिम र अन्य सीमान्तकृत तथा जातीय समुदायका अपाङ्गता भएका व्यक्तिहरू अन्तरछेदीय भेदभावको सामना गर्छन्, जसले निजहरूले भोग्ने बहिष्करणलाई झन् गहिरो बनाउँछ (युएन सीआरपीडी समिति २०१८, धारा ५) ।
नेपाल जातीय, भाषिक र सांस्कृतिक विविधता भएको देश हो । यहाँ सबभन्दा धेरैले मान्ने धर्म हिन्दू धर्म हो र त्यसपछि बौद्ध धर्म दोस्रो ठूलो धर्म हो (पन्त २००८:४८) । बिक्रम सम्वत् २०२० मा जात व्यवस्था कानुनी रूपमा खारेज गरिए पनि ग्रामीण क्षेत्रमा सामाजिक पदानुक्रम र स्रोतसाधनमा पहुँच अझै पनि जातका आधारमा निर्धारित हुन्छन् (विगलर र अन्य २०२२:७) । शहरी क्षेत्रमा सेवा सुविधा तुलनात्मक रूपमा राम्रो हुन सक्छ, तर त्यहाँ उच्च खर्च र जटिल भौतिक संरचनाका कारण अन्य किसिमका कठिनाइहरू हुन्छन् ।

ग्रामीण क्षेत्रका सीमान्तकृत जातीय समुदायका अपाङ्गता भएका व्यक्तिहरू सीमित स्रोतसाधन, गहिरो जरो गाडेको भेदभाव र पहुँचयुक्त नभएको सार्वजनिक सेवाका कारण जीवनका आवश्यकताबाट झन् धेरै वञ्चित हुन्छन् । उदाहरणका लागि, आदिवासी जनजाति महिला र किशोरीहरूले लैङ्गिक, अपाङ्गता र आदिवासी जनजाति पहिचानको संयुक्त प्रभावका कारण यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा थप अवरोध भोग्छन् (एरो/निडवान २०२३) ।

नेपालले लैङ्गिक समानताका क्षेत्रमा कानुनी र संस्थागत प्रगति गरेको छ, यसको फलस्वरूप राजनीतिक र सार्वजनिक जीवनमा महिलाको सहभागिता पनि बढेको छ (युएन वुमन UN Women २०२४) । तर प्रगति असमान रहेको छ । सन् २०२५ ग्लोबल जेन्डर ग्याप सूचकाङ्कमा नेपाल १४८ देशमध्ये १२५औँ स्थानमा परेको छ, यो तीन वर्षअघिको ९६औँ स्थानभन्दा तल झरेको हो । यसले आर्थिक र राजनीतिक सहभागितामा पछिल्लो प्रगति रोखिएको तथा शिक्षा र स्वास्थ्य पहुँचमा अझै ठूलो खाडल रहेको देखाउँछ (वर्ल्ड इकोनोमिक फोरम २०२५) । पितृसत्तात्मक सोच तथा मान्यताहरूले महिलाका अवसरहरू – विशेष गरी ग्रामीण र सीमान्तकृत समुदायमा – सीमित बनाइरहेका छन् । यसले अपाङ्गता भएका महिलाहरूमा हिंसा, दुव्र्यवहार र उपेक्षाका जोखिमहरू झन् बढाउँछ । यौन, प्रजनन तथा मातृ स्वास्थ्य सेवामा पर्याप्त पहुँच नहुँदा उनीहरू बढी जोखिममा रहन्छन् (बिगलर र अन्य २०२२) ।

## ३.२ अपाङ्गतासम्बन्धी प्रमुख कानुनी संरचनाहरू

नेपालले सन् १९९१ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि र सन् २०१० मा अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र बनेको छ । नेपालको संविधान, २०७२ मा राज्यले अपाङ्गता भएका व्यक्तिका राजनीतिक सहभागितासहित अन्य अधिकारहरूको प्रवद्र्धन र संरक्षण गर्नुपर्ने र यसका लागि राज्यले समावेशी कानुन र नीतिहरू बनाउनुपर्ने व्यवस्था गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले विगतको दयामा आधारित र चिकित्सकीय दृष्टिकोणबाट हटेर अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धिले निर्दिष्ट गरेको अधिकारमा आधारित दृष्टिकोण अपनाएको छ । यस ऐनले शिक्षा, स्वास्थ्य, रोजगारी, सार्वजनिक सेवा, भवन तथा सञ्चार पहुँच, कानुनी सहायता र हिंसाबाट संरक्षणजस्ता क्षेत्रमा समावेशिता र समान अधिकार सुनिश्चित गरेको छ । यसपछि बनेका विभिन्न कानुनले जनस्वास्थ्य, सामाजिक सुरक्षा र आवासलगायतका क्षेत्रगत मुद्दाहरूलाई सम्बोधन गरेका छन् ।

कानुनी प्रगति भए पनि कार्यान्वयन र अनुगमन कमजोर नै रहेका छन् । अपाङ्गता परिचयपत्र — जसले सामाजिक सुरक्षा भत्ता र अन्य सुविधा पाउन ढोका खोल्छ — धेरैका लागि, विशेष गरी ग्रामीण क्षेत्रमा, पाउन कठिन छ । यसको कारण खर्च, झन्झटिलो प्रक्रिया, समाजको कलङ्क र भाषा वा सञ्चारको अवरोध हुन् । महिला र किशोरी, बाहिरबाट नदेखिने तर प्रभाव पार्ने प्रकारका अपाङ्गता (मनोसामाजिक र बौद्धिक अपाङ्गता) र सञ्चारमा समस्या हुने व्यक्ति (सुनाइसम्बन्धी अपाङ्गता, श्रवण–दृष्टिविहीन वा नेपाली भाषामा बोल्न वा बुझ्न नसक्ने) सबैभन्दा बढी छुट्ने र बहिष्करणको जोखिममा रहेका हुन्छन् ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गताका दस प्रकार (शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवण–दृष्टिविहीन, स्वर र बोलाइसम्बन्धी, मानसिक/मनोसामाजिक, बौद्धिक, अनुवंशीय रक्तश्राव वा हेमोफिलियासम्बन्धी, अटिज्मसम्बन्धी र बहुअपाङ्गता) र अपाङ्गताको चार तह (पूर्ण अशक्त, अति अशक्त, मध्यम र सामान्य अपाङ्गता) भनी वर्गीकरण गरेको छ । तर राष्ट्रिय तथ्याङ्क सङ्कलन अझै पनि चिकित्सकीय (व्यक्तिगत विचलन) मोडलमै आधारित छ, जसले कार्यक्षमतामा आधारित र नदेखिने अपाङ्गताहरूलाई समेट्न सक्दैन (युएनपीआरपीडी-२०२२:२४)।

समितिले सन् २०१८ मा नेपालको पहिलो समीक्षामा सरकारलाई अपाङ्गता भएका महिला तथा किशोरीहरूको प्रतिनिधि सङ्घसंस्थासँग नियमित परामर्श गर्न, उनीहरूको सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिता सुनिश्चित गर्न र कानुन तथा नीतिमा सुधार ल्याउन आग्रह गरेको थियो । सन् २०२३ को डिसेम्बरमा सरकारले अपाङ्गता भएका व्यक्तिहरूको नयाँ राष्ट्रिय नीति जारी गर्‍यो, जसमा अपाङ्गता भएका व्यक्तिका संघसंस्थाहरूले दिएका केही सिफारिहरू समेटिएका छन् ।

## ३.३ नेपालको जलवायु जोखिमको स्थिति

नेपाल भौगोलिक विविधता भएको मुलुक हो — यो दक्षिणतिर तराईको समथर मैदानदेखि चुरे र महाभारत पर्वतश्रेणी हुँदै उत्तरमा उच्च हिमालयसम्म फैलिएको छ । यस असाधारण विविधताका कारण नेपाल जलवायु परिवर्तनप्रति धेरै संवेदनशील छ, किनभने विभिन्न भूभाग र पारिस्थितिकीय प्रणालीमा भिन्न–भिन्न जलवायु प्रभावले अनुकूलन प्रयासलाई जटिल बनाउँछ । नेपालको अर्थतन्त्र ठूलो मात्रामा जलवायु संवेदनशील क्षेत्रहरूमा निर्भर छ । नेपालको ८०% जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् र स–साना स्तरका निर्वाहमुखी कृषिमा निर्भर रहेका छन् (विश्व बैंक/एसियाली विकास बैंक २०२१) ।

नेपालमा पहिल्यै देखिएका जलवायु परिवर्तनका प्रभावहरू — तापक्रम वृद्धि, वर्षामा आएको परिवर्तन (भारी वर्षाका घटना, लामो खडेरी), हिमनदीको सुकाइ, बाढी, पहिरो र खडेरीजस्ता चरम मौसमी घटनाहरूको सङ्ख्या र तीव्रतामा वृद्धि — भविष्यमा अझ बढ्ने अनुमान गरिएको छ ।

तर अन्तर्राष्ट्रिय मूल्याङ्कनअनुसार नेपालको जलवायु परिवर्तनप्रतिको जोखिम बढी हुनुको कारण मुख्यतः अनुकूलन तयारी र सामना गर्ने क्षमता न्यून हुनु हो । विश्वव्यापी अनुकूलन सूचकाङ्क (ND–GAIN, 2023) अनुसार नेपाल संवेदनशीलता र तयारीको संयुक्त मूल्याङ्कनमा १९२ देशमध्ये १२६औँ स्थानमा रहेको छ (उच्च अङ्कले बढी संवेदनशीलता जनाउँछ) । त्यसैगरी युरोपेली आयोगको इन्फर्म जोखिम सूचकाङ्क (INFORM, 2025) ले नेपालको जलवायु जोखिमलाई मध्यम स्तरमा (अङ्क ५९/१९१) वर्गीकरण गरेको छ (कम अङ्कले बढी संवेदनशीलता जनाउँछ) । यसले विशेष गरी सामना क्षमता अत्यन्त कमजोर (४८) रहेको तथा प्रकोप/जोखिमको स्तर (७१) तुलनात्मक रूपमा उच्च रहेको देखाएको छ ।

## जलवायु परिवर्तनका प्रमुख अवधारणाहरू

### जलवायु परिवर्तन (CLIMATE CHANGE)

यसले तापक्रम र मौसमी ढाँचामा दीर्घकालीन परिवर्तनलाई जनाउँछ । यो मुख्यतया मानवीय क्रियकलाप, विशेष गरी हरितगृह ग्यास उत्सर्जनका कारण हुन्छ । यस्ता परिवर्तनले चरम मौसमी घटनाहरू (बाढी, खडेरी, तातो लहर) बढाउँछ र वर्षाको स्वरूप आदिमा क्रमिक परिवर्तन ल्याउँछ ।

### जलवायु कार्य (CLIMATE ACTION)

यसले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण र वर्तमान तथा अपेक्षित जलवायु परिवर्तनमा अनुकूलनका लागि गरिने प्रयासहरूलाई समेट्छ । यसमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा नीति निर्माण, प्रविधि विकास, वित्तीय लगानी तथा व्यवहार परिवर्तनजस्ता कार्यहरू पर्दछन् ।

### जलवायु सङ्कटासन्नता/संवेदनशीलता (CLIMATE VULNERABILITY)

यसले जलवायु परिवर्तनका प्रभावबाट प्रतिकूल रूपमा असर पर्ने सम्भावनालाई जनाउँछ । यो कुनै ठाउँका मानिसले भोग्नुपर्ने जलवायु परिवर्तनको स्वरूप, परिणाम र गति, त्यसप्रतिको संवेदनशीलता र अनुकूलन क्षमतामा निर्भर रहन्छ ।

### जलवायु उत्थानशीलता (CLIMATE RESILIENCE)

यसले सामाजिक, आर्थिक र पारिस्थितिकीय प्रणालीहरूले प्रकोपीय घटना, प्रवृत्ति र त्यसले ल्याउने अस्तव्यस्तताको सामना गर्ने क्षमता हो । यस्ता प्रणालीहरूले आफ्नो आधारभूत कार्य, पहिचान र संरचनालाई कायम राख्दै अनुकूलन, सिकाइ र रुपान्तरणको क्षमता बनाइराख्ने गरी प्रतिकार्य वा पुनर्संरचना गर्दछन् ।

### जलवायु न्याय (CLIMATE JUSTICE)

यो भनेको विकास र मानव अधिकारलाई जोडेर जलवायु परिवर्तनलाई सम्बोधन गर्ने मानवकेन्द्रित तरिका हो । यसले अति संवेदनशील समुदायका अधिकारको संरक्षण गर्दछ र जलवायु परिवर्तनका भार तथा लाभहरू समतामूलक र निष्पक्ष रूपमा बाँडफाँट गर्दछ (आईपीसीसी २०१८, परिशिष्ट १, शब्दावली) ।

### जलवायु अनुकूलन (CLIMATE ADAPTATION)

यो भनेको जलवायुका विभिन्न पक्षमा आउने परिवर्तन र तिनका प्रभावहरूको सम्बोधनका लागि पारिस्थितिकीय, सामाजिक वा आर्थिक प्रणालीहरूमा गरिने समायोजन हो । यसमा प्रक्रिया, अभ्यास र संरचनामा परिवर्तन गरी जलवायु परिवर्तनबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्ने वा उत्पन्न अवसरहरूको उपयोग गर्ने जस्ता कुरा रहन्छन् ।

(स्रोत:जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूहको शब्दावली, युरोपेली आयोग, ईपीए, आईपीसीसी (२००७, २०२२ र २०२३))

## ३.४ जलवायु कार्यसँग सम्बन्धित प्रमुख नीतिगत संरचनाहरू

नेपालले समावेशी तथा अधिकारमा आधारित जलवायु कार्यप्रति औपचारिक प्रतिबद्धता जनाएको छ । नेपालले सन् १९९४ मा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धिमा सहभागिता जनाएको थियो र सन् २०१६ मा पेरिस सम्झौताको अनुमोदन गरेको थियो । यी महासन्धि र सम्झौताअन्तर्गत नेपालले लैङ्गिक समानता र अपाङ्गता भएका व्यक्तिका अधिकार समेट्दै मानव अधिकारमा आधारित जलवायु कार्यपद्धति अपनाउने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालले हालसम्म तीनवटा राष्ट्रियस्तरमा निर्धारित योगदान पेस गरिसकेको छ । तेस्रो राष्ट्रिय निर्धारित योगदानमा नेपालले लैङ्गिक, समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई सबै नीतिमा मूलप्रवाहीकरण गरी जलवायु कार्य गर्ने प्रतिबद्धता जनाएको छ । यसअन्तर्गत अपाङ्गता भएका व्यक्तिलगायत अन्य सीमान्तकृत समूहहरूलाई जलवायु पहलहरूमा संलग्न गराउने, उनीहरूको क्षमता अभिवृद्धि गर्ने तथा लैङ्गिक, उमेर र अपाङ्गताका आधारमा खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ (नेपाल सरकार २०८२:३४च) ।

नेपालले जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणसम्बन्धी धेरै कानुन, नीति र योजनाहरू तर्जुमा गरेको छ । यी दस्ताबेजहरूले समावेशीकरण र अपाङ्गता भएका व्यक्तिहरूलगायत सबै सीमान्तकृत समूहहरूको आवश्यकतालाई मान्यता दिएका छन् । तथापि, दस्ताबेजहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व अझै अपर्याप्त रहेको छ र यी औपचारिक प्रतिबद्धताहरू भए पनि उनीहरू ओझेलमा पर्ने जोखिम कायमै छ ।

**प्रमुख नीतिगत तथा कानुनी दस्ताबेजहरू निम्नानुसार छन् :**

- **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ :** यस ऐनले नेपालको विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका लागि कानुनी आधार प्रदान गरेको छ । यस ऐनअन्तर्गत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् समेत गठन भएको छ । यसको सञ्चालक समितिलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा अन्य सीमान्तकृत समूह र अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष योजना तथा कार्यक्रम तर्जुमा गर्ने स्पष्ट जिम्मेवारी दिइएको छ ।

- **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५ :** यस नीतिले समावेशी विपद् जोखिम न्यूनीकरण दृष्टिकोण अपनाएको छ । यसले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ भने सार्वजनिक भवन र भौतिक संरचनाहरूलाई पहुँचयुक्त बनाउने भनेको छ ।

- **विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०७५–२०८७) :** यस कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणका लागि मार्गचित्र प्रदान गर्दछ । यसले सबै प्राथमिकताका क्षेत्रमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सिद्धान्तहरूलाई समेटेको छ र विपद् जोखिम न्यूनीकरणमा स्पष्ट रूपमा समावेशीकरणको माग गरेको छ (युएन वुमन नेपाल, २०२४ख) ।

- **राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ :** यस नीतिले सबै क्षेत्रको विकास योजनामा जलवायुसम्बन्धी कुरालाई मूलप्रवाहीकरण गर्ने सरकारको दूरदृष्टि प्रस्तुत गरेको छ । यसले लैङ्गिक समानता, सामाजिक समावेशीकरण, जीविकोपार्जन र सुशासनलाई प्राथमिकता दिएको छ । नीतिले समता तथा सहभागितामूलक, समुदाय नेतृत्वको कार्यपद्धतिमा जोड दिँदै महिला, युवा र सीमान्तकृत समूहहरूलाई सरोकारवाला बनाउने नीति लिएको छ । यद्यपि अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व यो दस्ताबेजमा अत्यन्त न्यून रहेको छ र उनीहरूलाई सामान्यतः संवेदनशील वा जोखिममा रहेका जनसङ्ख्याका रूपमा उल्लेख गरिएको छ । तैपनि, नीतिले अपाङ्गता भएका व्यक्तिको खण्डीकृत तथ्याङ्क सङ्कलन र पहुँचयुक्त सूचना तथा सञ्चारको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ ।

■ **राष्ट्रिय अनुकूलन योजना (न्याप २०७८–२१०७) :** यो योजना महिला, युवा, आदिवासी जनजाति संस्था र अपाङ्गता भएका व्यक्तिका संस्था लगायत धेरै समूहसँग व्यापक परामर्श गरेर तयार गरिएको हो । यस योजनाले अपाङ्गता भएका व्यक्तिहरूलाई युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक र आदिवासी जनजाति समुदायजस्ता अन्य सीमान्तकृत समूहहरूसँगै स्पष्ट रूपमा पहिचान गरेको छ । योजनामा सन् २०३० सम्म सङ्घीय र स्थानीय तहका योजना तर्जुमा तथा निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता ८०% ले वृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

नेपालमा जलवायु सुशासनका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संरचना रहेका छन् । नीतिगत दिशानिर्देश प्रदान गर्न राष्ट्रिय तहमा प्रधानमन्त्रीको अध्यक्षतामा जलवायु परिवर्तन परिषद् र वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा जलवायु परिवर्तन समन्वय समिति रहेका छन् । वन तथा वातावरण मन्त्रालयअन्तर्गत २०७५ सालमा स्थापित जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले केन्द्रीय सचिवालयको भूमिका निर्वाह गर्दछ । २०६६ सालदेखि सञ्चालित बहुसरोकारवाला जलवायु परिवर्तन पहल समन्वय समितिले सरकारी निकाय, गैरसरकारी संस्था र विज्ञहरूलाई एकै ठाउँमा समेटेर काम गर्दछ । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले विकास योजना र बजेटमा जलवायु प्राथमिकतालाई एकीकरण गर्ने जिम्मेवारी वहन गर्दछन् ।

तथापि, कार्यान्वयनमा गम्भीर र संरचनागत कमीहरू रहेका छन् । विभिन्न निकायबीच कमजोर समन्वय, नीतिगत दोहोरोपन र विकेन्द्रीकरणका चुनौतीहरूले प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएका छन् । यस्ता कमीहरूले सबैभन्दा बढी सीमान्तकृत समूहहरू, विशेष गरी अपाङ्गता भएका व्यक्तिलाई असमान रूपमा हानि गर्ने गरेका छन् (एम भौउमा र अन्य, २०२३: १५) ।

## ४ खोज परिणामहरू

विविध प्रकारका अपाङ्गता र पृष्ठभूमि भएका बाह्र जना महिलाहरूको प्रत्यक्ष अनुभव कथन र फोटोभ्वाइस कथाहरूको आधारमा प्राप्त नतिजाहरूलाई तीन मुख्य क्षेत्रमा समूहबद्ध गरिएको छ : (१) समावेशीकरणका सामाजिक–सांस्कृतिक अवरोधहरू २. संवेदनशीलताका विशिष्ट स्वरूपहरू (३) जलवायु कार्यमा सहभागिता बढाउने उपायहरू । सहभागीहरूले खिचेका फोटो र उनीहरूका भनाइहरू राखेर यी खोजनतिजालाई स्पष्ट र प्रमाणित गरिएको छ । यी सबैले जलवायु परिवर्तनबाट उनीहरूको दैनिक जीवनमा कसरी प्रभाव परिरहेको छ भन्ने प्रत्यक्ष प्रमाण प्रस्तुत गरेका छन् ।

### ४.१ सामाजिक तथा सांस्कृतिक परिवेश

अधिकांश सहभागीहरूले अपाङ्गता भएका पुरुष र अपाङ्गता नभएका महिलाहरूको तुलनामा आफूहरूले कम आर्थिक अवसर र न्यून आय प्राप्त गरेको बताएका थिए । यसले उनीहरूको जलवायुप्रति जोखिम बढाएको छ र अनुकूलन क्षमता सीमित बनाएको छ । धेरैजसो सहभागीसँग आधारभूत पूर्वतयारीका साधनहरू — आपतकालीन सामग्री, घर प्रबलीकरण वा मौसमी पूर्वसूचना प्राप्त गर्ने उपकरण — पनि थिएनन् ।जलवायुको जोखिमको बढ्दो सामना गरिरहेको सहर ललितपुरकी एक जना मनोसामाजिक अपाङ्गता भएकी महिलाले आफ्नो आर्थिक चुनौतीहरू यसरी व्यक्त गरेकी छिन् :

> " गएको वर्ष परेको ठूलो पानीले मेरो घरको छानो बिग्रियो । मसँग पैसा थिएन । जस्तापाता महँगो भएकाले किन्न सकिनँ, प्लास्टिकले छोपेँ । पानी पर्नेबित्तिकै मन चिन्ताले भरिन्थ्यो । मेरो टोलका अरू मान्छेले घर बलियो बनाउन ऋण पाए, तर बैँकले मेरो निवेदन अस्वीकृत ग¥यो । उनीहरूले अपाङ्गता भएकै कारण नदिएको त भन्दैनन्, तर मलाई थाहा छ, वास्तविक कारण त्यही हो ।

कर्णाली प्रदेशको पश्चिम रुकुमकी बहुअपाङ्गता भएकी एक महिलाले - जो पहिरोले पशु चौपाया बगाएपछि अहिले अदुवा खेती गरिरहेकी छिन् - जलवायु परिवर्तनका कारण आफ्नो जीविकोपार्जन नै गुमेको र झनै गरिबीमा धकेलिदिएको बताउँछिन् :

> " मजस्ता अपाङ्गता भएका महिलाका लागि पैसा कमाउने बाटो कमै छन्, त्यसमाथि जलवायु परिवर्तनले झनै गाह्रो बनाइरहेको छ । जलवायु परिवर्तनले बीउ-बिरुवामा रोगहरू लागिरहेको जस्तो लाग्छ, र यसबाट हाम्रो जीविकोपार्जन खतरामा परेको छ । अहिले हामी जस्तापाताको टहरोमा बस्छौँ, तर यसले ठूलो पानी पर्दा जोगाउँदैन । छानाबाट पानी चुहिन्छ, र असुरक्षित महसुस हुन्छ। मेरो श्रीमान् सार्वजनिक धाराबाट पानी ओसार्नुहुन्छ, त्यसले समय खाइदिन्छ, गाह्रो पनि हुन्छ । राम्रो आवास र आधारभूत सेवा छैन, त्यसैले पानी पर्ने समयमा एकदम गाह्रो हुन्छ, अब के होला भन्ने डर लागिरहन्छ ।

अपाङ्गता भएका धेरै महिलाले परम्परागत मूल्यमान्यता, सामाजिक कलङ्क, पितृसत्तात्मक सोच र अपाङ्गतालाई दान-दया वा करुणाको विषयका रूपमा हेर्ने दृष्टिकोण नै सामाजिक तथा आर्थिक बहिष्करणको मुख्य कारक रहेको बताएका थिए । यी कुराले जलवायु अनुकूलनका स्रोतसाधनमाथिको पहुँचलाई सीमित बनाउँछन् । धेरै सहभागीले अपाङ्गतालाई अघिल्लो जन्ममा गरेको कर्मको फल वा सजाय ठानिने गरेको बताएका छन्, र यस्तो सोचले अपाङ्गता भएका महिलाले भोग्ने बहिष्करणलाई झनै बल दिएको छ । हिन्दु धर्मभित्र रहेका धर्म, कर्म र मोक्ष जस्ता अवधारणालाई कहिलेकाहीँ महिला र अपाङ्गता भएका व्यक्तिप्रति गरिने भेदभावपूर्ण व्यवहारलाई उचित ठहराउन प्रयोग गरिन्छ । सिन्धुपाल्चोककी एक दृष्टिविहीन अपाङ्गता भएकी महिलाले आफ्नो घरको हजुरबुबाले आफू र आफ्नी आमालाई अस्वीकार गरेको प्रसङ्ग यसरी सुनाएकी छिन् :

> " बाजेले 'तिमीहरू मेरो रगत होइनौ, यो परिवारको हुन सक्दैनौ' भनेर म र मेरी आमालाई अस्वीकार गर्नुभएको थियो ।

पछि मात्र उनले आफ्नो अपाङ्गताकै कारण आफू र आमालाई त्यसरी निकालिएको रहेछ भनेर बुझेकी थिइन् ।

> " मलाई सधैँ आफू यहाँ नअटाएजस्तो लाग्थ्यो, तर अहिले बल्ल बुझेकी छु – त्यो मेरो अवस्थाको दोष होइन, समाजको पक्षपात र तिरस्कार रहेछ ।

अध्ययनमा सहभागी एक जना अपाङ्गता भएकी महिलाले आफ्नो विवाहमा अपाङ्गताकै कारण भोग्नुपरेको अपमान यसरी व्यक्त गरेकी छिन् :

" समाजले मलाई अपाङ्गता भएको र नभएको मान्छेमा फरक छ भन्ने महसुस गराएको छ। विवाहपछि त अझ बढी महसुस भएको छ... सुरुदेखि नै मेरा सासू–ससुरा यो विवाहलाई लिएर खुसी हुनु हुन्नथियो र मेरो श्रीमानलाई पनि नानाथरी कुरा लगाउनुहुन्थ्यो। यस्ती केटीसँग बिहे गरिस् भने दुर्दशा आउँछ, जिन्दगी बिग्रन्छ भन्नुहुन्थ्यो र अंश पनि नदिने भन्नुभयो। (...) यति हुँदाहुँदै पनि हामी दुई जना मिलेरै बसिरहेका छौँ ... तर बजार वा सार्वजनिक ठाउँमा मेरो श्रीमान् मेरो छेउमा हिँड्न अप्ठेरो मान्नुहुन्छ। उहाँलाई समाजको खिसीको डर लाग्छ, यस्तो उहाँप्रति धेरै पटक भइसकेको छ ।

नेपाली समाजमा अपाङ्गता भएका व्यक्तिलाई अधिकार भएका नागरिकका रूपमा भन्दा पनि दया र करुणाको पात्रको रूपमा व्यवहार गरिने सहभागीहरूले बताएका छन् । एक जना शारीरिक अपाङ्गता भएकी आदिवासी जनजाति महिलाले एउटा सार्वजनिक सांस्कृतिक कार्यक्रममा गएको बेला भएको अपमानजनक घटना यसरी सुनाएकी छिन् :

" म कार्यक्रम हेरिरहेकी थिएँ, अचानक नचिनेका मान्छेहरूले मलाई भिखारी ठानेर पैसा दिन थाले। म व्हीलचेयरमा बसेकी थिएँ। उनीहरूले मेरो अपाङ्गतालाई हेरेर मेरो मूल्याङ्कन गरेको र म अरूजस्तै कार्यक्रम हेर्न आएको नभएर भीख माग्न आएकी हुँ भन्ने ठाने । म छक्क परेँ, दुखित भएँ ।

यो घटनाले अपाङ्गता, हिँडडुल गर्नसक्ने क्षमतामा कमी, लैङ्गिकता र सम्भवतः आदिवासी जनजाति पहिचानसँग जोडिएको दया र नकारात्मक धारणा समाजमा कति धेरै छ भन्ने देखाउँछ । सबै सहभागीहरूले पितृसत्तात्मक मूल्यमान्यताका कारण सामाजिक बन्देजहरू भोगेको बताएका थिए । कर्णाली प्रदेशको पश्चिम रुकुमकी बहुअपाङ्गता भएकी एक महिलाले यस्ता सामाजिक बन्देजले आफूलाई सिकाइका गतिविधिमा सहभागी हुन कसरी रोक्छ भन्ने अनुभव यसरी व्यक्त गरेकी छिन् :

" अपाङ्गता भएकी महिला भएकाले म एक्लै कार्यशाला वा तालिममा जाँदा पुरुष सहकर्मीहरूसँग पनि बसेर सिक्न मन लाग्छ । तर मेरा आमाबुबा, अझ छिमेकीहरूले 'यो त पुरुषहरूसँग होटलमा बसिरहेकी होली' भनेर भन्न थालिहाल्छन्।

सिन्धुपाल्चोककी एक जना शारीरिक अपाङ्गता भएकी महिलाले आफूमा अपाङ्गता भए पनि छोरी भएकै कारण आफूमाथि घरको सबै काम थोपरिएको बताउँछिन् :

" मलाई लाग्थ्यो, यदि म छोरा भएको र आँखा राम्रो देख्ने भएकी भए यति काम लगाउँदैनथे होला । छोरी भएकैले मैले घरको सबै काम गर्नुपर्थ्यो । मेरो एउटा भाइ र दुई बहिनी छन् । म खाना पकाएर उनीहरूलाई खुवाउँथेँ र स्कुल पठाउँथेँ । त्यसपछि भैँसीलाई पानी खुवाउन जान्थेँ ।

अध्ययनका धेरैजसो सहभागीले जलवायुजन्य विपद्को समयमा लैङ्गिक र अपाङ्गतामा आधारित भेदभाव झनै चर्को हुने बताएका थिए । स्रोतसाधनको अभाव बढ्दा घरायसी जिम्मेवारी महिलाहरूमाथि असमान रूपमा थोपरिन्छ, जसमा अपाङ्गता भएका महिलाहरू पनि पर्दछन् । शिक्षामा पहुँचका सम्बन्धमा हुने गरेको लैङ्गिक भेदभावमाथि अपाङ्गताले झन् घिउ थपेको सहभागीहरूले बताएका छन् । एक जना अपाङ्गता भएकी महिलाले आफ्नो पढाइ बीचमै छोड्नुपरेको कारण यसरी बताएकी छिन् :

" मेरो अपाङ्गताकै कारणले पढाइ अगाडि बढाउन सकिनँ। स्कुल हिँडेर जानुपर्थ्यो, एउटी छोरी मान्छेका लागि जङ्गलको बाटो हिँड्नु धेरै असुरक्षित हुन्थ्यो । परिवारले हौसला दिए पनि आफूलाई सुरक्षित महसुस नभएकाले स्कुल जान छाडेँ । शिक्षकहरूले मेरो अवस्थालाई बुझ्नुभएन। राम्रोसँग नपढेको भनेर कुट्नुहुन्थ्यो । मैले कम देख्ने कुरा भनिनँ, उहाँहरूलाई थाहा थिएन। सजाय सहन नसकेर मैले स्कुल जानै छोडिदिएँ ।

जलवायु परिवर्तनले पहिलेदेखि नै रहेका असमानताहरूलाई झनै बढाउँछ। पितृसत्तात्मक मूल्यमान्यता, सामाजिक कलङ्क, अदृश्यता र कमजोर आर्थिक स्थिति सबै जोडिँदा अपाङ्गता भएका महिलाहरू झनै चर्को भेदभावको शिकार बन्छन् ।

## ४.२ जलवायु सङ्कटासन्नता र विशेष प्रभावहरू

### ४.२.१ सुरक्षित उद्धार, गमनशीलता र पहुँचयुक्ततासम्बन्धी चुनौती

जलवायुको कारणले हुने विपद्का बेला अपाङ्गता भएका महिलाहरूलाई सुरक्षित रूपमा बाहिर निस्कन र हिँडडुल गर्न निकै गाह्रो हुने गर्दछ । बाटोघाटो र पूर्वाधारमा हुने क्षतिले उनीहरूले लामो समयसम्म पहुँचयुक्तताको समस्या झेल्नुपर्छ । २०८१ साल असोजमा तीन दिनसम्म परेको भीषण वर्षापछि आएको बाढी पहिरो र त्यसपछि उत्पन्न अवस्थाले उनीहरूले झेल्ने यी चुनौतीहरू स्पष्ट उजागर गरेको थियो । अन्तर्वार्तामा सहभागी अधिकांश महिलाहरूले पूर्वाधारमा क्षति हुँदा अन्य पारिवारिक आफन्तसँग जोडिन र आवश्यक सेवा पाउन नसक्दा सामाजिक रूपमा एक्लिएको महसुस भएको बताएका थिए । ललितपुरकी एक ह्वीलचेयर प्रयोगकर्ता महिला ठूलो बाढीका कारण सुरक्षित निस्कन वा उद्धार सहयोग पाउन नसक्दा निकै असुरक्षित अवस्थामा पुगेकी थिइन् । उनी यस्तो विषम मौसमी घटनाको समयभरि र त्यसपछिका केही दिनसम्म घरभित्रै थुनिएकी थिइन् ।

> " ह्वीलचेयरमा भएकाले म पूरै थुनिएँ । डुबानले सुरक्षित बाटो पत्तै पाउन सकिनँ, बाढीले थुपारेको फोहोर पार गरेर जान सक्नु त परको कुरा । मेरो ह्वीलचेयर जमेको पानीमा अड्किन्थ्यो, घरको ढोकासम्म पनि पुग्न सकिनँ । निकै गाह्रो भइरहेको थियो । बाढी अझ बढ्यो भने सुरक्षित निस्कने कुनै उपाय थिएन । फोनको नेटवर्क पनि नचलेकाले न सहयोग माग्न पाएँ, न गाउँमा रहेको परिवारलाई खबर गर्न सकें । म एक्लै र असहाय भएकी थिएँ ।

उनले त्यो समयको बाढीदेखि यता परिवारसँग भेटघाट गर्न पाएकी थिइनन् र दशैँ चाड मुखैमा आएको थियो, तर अरू सबै चाड मनाउन गाउँ फर्किरहेका बेला उनले भने गाउँ फर्केर चाड मनाउन पाइनन् ।

> " म दशैँमा सधैँ गाउँ जान्थेँ, तर यसपटक गएर परिवासँग भेटघाट गर्न पाइनँ । गाडी चल्दैनथे । धेरै मानिस हिँडेर गए, तर आफू भने हिँड्न सक्थिनँ । कुनै गुनासो छैन किनकि मेरो अवस्था म बुझ्छु । १७–१८ वर्षमा पहिलो पटक म दशैँको समयमा एक्लै बसेँ ।

अनुसन्धान टोलीले उनलाई परिवारसँग भेटघाट गराउन सिन्धुपाल्चोकको रोशी उपत्यकास्थित उनको गाउँ लिएर गएको थियो । तर त्यो असोजको बाढीले बाटोघाटो पूरै बिगारेका कारण उनी गाडीबाट ओर्लेर घरसम्म पुग्न सकिनन् । घण्टौँको यात्राभरि शौच गर्ने सुविधा पनि थिएन, काठमाडौँ फर्किएपछि मात्र बल्ल सम्भव भएको थियो । उनी आफ्नो अनुभव यसरी सुनाउँछिन् :

> " म आमा र आफन्तहरूसँग भेटघाट हुन्छ भनेर गाउँसम्मै पुगेँ, तर पुगेर पनि भेट्न पाइनँ । दूरी भौतिक मात्र थिएन, मनको दूरी पनि निकै महसुस भयो ।

> हामीले कहिल्यै सोचेका थिएनौँ, रोशी जस्तो सानो देखिने खोला यति ठूलो बनेर यत्रो विनाश गर्छ भनेर । सायद यही हो कि जलवायु परिवर्तन । मेरो घर त्यो गाउँको ठीक पछाडि छ, तर म त्यहाँ पुग्न सक्दिनँ ।



बाढीले क्षति गरेका घर र बाटोघाटो । रोशी गाउँपालिका, काभ्रे जिल्ला, पौष ८, २०८१

### ४.२.२ मानसिक स्वास्थ्यमा पर्ने प्रभाव

जलवायुजन्य प्राकृतिक विपद्ले मनोसामाजिक अपाङ्गता भएका महिलाहरूको मानसिक स्वास्थ्यमा पनि धैरै हानि पुऱ्याउँछ । पहिलेदेखिको समस्यालाई अझ बढाउँछ वा नयाँ समस्या उत्पन्न गर्न सक्छ । ललितपुरको गाउँ क्षेत्रबाट सहभागी एकजना मनोसामाजिक अपाङ्गता भएकी महिला पहाडको भिरालो परेको ठाउँमा बस्छिन् । अविरल वर्षापछि त्यहाँ ठूलो पहिरो गएको थियो । त्यसपछि पनि बढी पहिरो निरन्तर हुँदा र पानीको अभाव हुन थालेपछि उनको मानसिक स्वास्थ्यमा एकदमै नकारात्मक असर पारेको छ ।

मैले सोचेको पनि थिइनँ मेरो घरको यति नजिक पहिरो जाला भनेर । अहिले यो मेरो घर हो, र पहिरोले घरको ठीक यो छेउको माटो बगाएको छ । मलाई अहिले कतिखेर के हुने हो भनेर निकै डर लाग्छ । यसले मेरो मानसिक स्वास्थ्य समस्या फेरि बल्झिएको छ, र निको भएपछि छोडेको औषधि फेरि खान थाल्नुपरेको छ ।



घरलाई जोखिममा पारेर गएको पहिरो । गोदावरी नगरपालिका, ललितपुर जिल्ला, पुष २२, २०८१

उनले आफ्नो जोखिमपूर्ण अवस्थालाई यसरी बताएकी छिन् :

" काठमाडौँ र ललितपुरमा यति ठूलो पानी परेको मैले देखेकी नै थिइनँ । यस्तो होला भन्ने मनमा एकरति थिएन । मेरो घरको छानो चुहिन थाल्यो, चुहिने ठाउँमा बाल्टिन थापेँ । घरका कोही पनि सुत्न पाएका थिएनौँ । पानी पर्न कम होस् भनेर कामना गरिरहेँ... तब मात्र थाहा भयो यस्तो अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई कति गाह्रो हुँदोरहेछ । अरूले जस्तो छिटो निर्णय गर्न सकिनँ – दिमाग नै जमेजस्तो भएको थियो । पहिरोले घर बगाउला कि भन्ने निरन्तरको डरले टाउको दुख्यो, पसिना आयो, घरि–घरि त होसमा नै हुन्नथिएँ ।

### ४.२.३ सूचनाको पहुँचयुक्तता

अपाङ्गता भएका महिलाहरूले जरुरी आपतकालीन सूचनामा पहुँच पाउन अवरोधहरू रहेको बताएका छन् । बौद्धिक अपाङ्गता भएकी एक महिलाले पूर्वसूचनाका सन्देशहरूमा प्रयोग हुने भाषा कठिन खालको हुने, सरल शब्द र फोटोहरू नै नहुँदा बुझ्न गाह्रो हुने गरेको बताएकी छिन् । इन्द्रियजन्य अपाङ्गता भएका सहभागीहरूले पनि पूर्वसूचना प्रणाली र आपतकालीन सूचना प्रसारणका माध्यम आफूहरूको सञ्चारसम्बन्धी आवश्यकता पूरा नै नगर्ने खालको रहेको बताएका थिए । सुनाइसम्बन्धी अपाङ्गता भएकी एक महिलाले सन् २०२४ सेप्टेम्बरको बाढीको अनुभव यसरी सुनाएकी छिन् :

" सबैले ठूलो पानी पर्छ भनेर पूर्वसूचना पाएका रहेछन्, मबाहेक । यस्ता सूचना रेडियो वा टिभीमा आउँछन्, तर साङ्केतिक भाषा नहुँदा दुइटै मेरा लागि पहुँचयुक्त छैनन् । लामो समयसम्म पनि पानी नरोकिएपछि मलाई निकै डर लाग्यो किनभने कुनै पूर्वतयारी नै गरेकी थिइनँ ।

काठमाडौँको चाबहिलमा बस्ने एकजना इन्द्रियजन्य अपाङ्गता भएकी महिलाले सहरमा बढ्दै गएको वातावरणीय ह्रास र प्रदूषणले आफ्नो सञ्चारमा थप अवरोध सिर्जना गरिरहेको बताएकी छिन् ।

केही वर्षअघिसम्म काठमाडौँ एकदम सफा र हरियाली थियो । तर अहिले खोलाहरू सुकेका र फोहोर भएका छन् – गाडीहरू धेरै, धुवाँ–धूलो धेरै । मास्क नलगाई त हिँड्नै सकिँदैन, धेरैले लगाउँछन् । मलाई त कुराकानी गर्न नै गाह्रो हुन्छ किनभने मेरो सुनाइसम्बन्धी अपाङ्गता छ, म ओठको हाउभाउ र अनुहारको भावले बोल्छु, अनुहारको भाव हेरेर मात्रै कुरा बुझ्छु । मास्कले त्यो पनि छोपिन्छ ।



सहरी प्रदूषण । चाहबिल क्षेत्र, काठमाडौँ, माघ २०८१

## ४.२.४ पानीको पहुँचमा रहेका चुनौती

सबै सहभागीहरूले परम्परागत पानीका स्रोत—इनार, मुहान र नदीहरू—अनियमित वर्षा र अत्यधिक उपयोगका कारण सुक्दै गएको र पानीको अभाव बढ्दै गएको बताएका थिए । उनीहरूका अनुसार पानीको कमीले उनीहरूको दैनिक जीवनका धेरै पक्षमा ठूलो असर पारिरहेको छ । पानी किन्नुपर्ने बाध्यताले उनीहरूमाथि आर्थिक दबाब बढेको छ, र पहिले नै आर्थिक कठिनाइ झेलिरहेका अपाङ्गता भएका महिलाका लागि यो बोझ झन भारी बन्न पुगेको छ । कर्णाली प्रदेशको सुर्खेत जिल्लामा बस्ने बौद्धिक अपाङ्गता भएकी एक महिलाले आफूले देखेको कुरा यसरी बताएकी छिन् :

मैले हाम्रो इनारको फोटो खिचेँ । खडेरी र अनियमित वर्षाका कारण इनार सुकेको छ । अहिले हामीले पानी किन्नुपर्छ । पहिले बिना पैसा  पानी प्रयोग गर्न पाइने इनारमा अहिले किराफट्याङ्ग्रा भरिएका छन्, अलिअलि पानी छ तर त्यो पनि फोहोर । हामीले पचास रूपैयाँ पर्ने पानीका जार किन्नुपर्छ, र दैनिक दुई–तीन जार सकिन्छ, यो धेरै खर्चिलो भएको छ । यो सबै जलवायु परिवर्तनले गर्दा भएको हो ।



सुकेको इनार । सुर्खेत जिल्ला, कर्णाली प्रदेश, पौष १८, २०८१

ललितपुर सहरमा आफ्नो परिवारसँग बस्ने एक जना बौद्धिक अपाङ्गता भएकी महिलाले पनि यस्तै अनुभव सुनाएकी छिन् :

> " पानीको निकै अभाव छ । पहिले इनारको पानीले वर्षभरि पुग्थ्यो, अहिले पाँच महिना पनि टिक्दैन । नुहाउने, लुगा धुने, खाना पकाउने र पिउने सबै कामका लागि पानी किन्नुपर्छ ।

पानीको अभावले ग्रामीण क्षेत्रमा समुदायलाई झनै असर पारेको छ, किनभने त्यहाँका बासिन्दा खेतीपाती र दैनिक जीवनका लागि प्राकृतिक स्रोत (मूल, खोला) मा निर्भर रहन्छन् । प्राकृतिक विपद् बारम्बार आउने र गहिरो

खोलानाला तथा छरिएका बस्तीहरू भएको पहाडी जिल्ला सिन्धुपाल्चोकको ग्रामीण क्षेत्रमा बस्ने एक दृष्टिविहीन अपाङ्गता भएकी महिलाले आफ्नो अनुभव यसरी बताएकी छिन् :

" यहाँको जङ्गल पहिलेजस्तो छैन । खोला सानो भएको छ, कुवाहरू सुकेका छन् । हामीसँग धारा छैन, पिउने पानी खोलाबाट पम्प गरेर ल्याउँछौँ । पहिले जुन कुवाबाट पानी ल्याउँथ्यौँ, ती सबै अहिले हराइसके ।

पानीको पहुँचमा कठिनाइले अपाङ्गता भएका महिलाहरूलाई बढी प्रभावित हुने गरेका छन्, किनभने स्वास्थ्य आवश्यकताका कारण व्यक्तिगत सरसफाइका लागि उनीहरूलाई बढी पानी चाहिन्छ । धेरै सहभागीले पानीको अभावले व्यक्तिगत र महिनावारी सरसफाइमा निकै गाह्रो भएको बताएका थिए । एकजना अपाङ्गता भएकी महिलाले आफूले अनुभव गरेको कुरा यसरी सुनाएकी छिन् :

" अपाङ्गता भएका वा ह्वीलचेयर प्रयोग गर्ने महिलाले महिनावारी हुँदा अरू जस्तै नुहाउन वा धुन खोला वा पानीको मुहानसम्म पुग्न सक्दैनन् । पानीको पहुँच नभएका कारण स्वास्थ्यमा समेत समस्या आउँछ ।

अर्को एक जना शारीरिक अपाङ्गता भएकी महिलाले भनेकी छिन् :

" सहरमा म बस्ने ठाउँमा पनि बाढीले असर गर्‍यो । बस्ने र खाना पकाउने ठाउँ नै बचेको थिएन । चार–पाँच दिन त्यस्तै गरी बित्यो, निराश थिएँ । (...) ह्वीलचेयर प्रयोग गर्ने म जस्ता व्यक्तिलाई अरू जसरी सफा र स्वच्छ रहन निकै गाह्रो भएको थियो ।

ग्रामीण क्षेत्रमा पानीको अभाव हुँदै जाँदा पानी खोज्न टाढा–टाढा जानुपर्ने बाध्यता बढेको छ – पानी ल्याउने काम महिलाहरूले नै गर्नुपर्छ (इमी २०२१) । अपाङ्गता भएका महिलाहरूको हकमा यो जिम्मेवारी व्यक्तिगत सहयोगी र हेरचाह गर्ने व्यक्तिले निर्वाह गरिरहेका हुन्छन्, जो धेरैजसो महिला आफन्त नै हुन्छन् । अन्तर्वार्ता र कार्यशालाबाट आएका भनाइहरूले यही देखाउँछ, जहाँ धेरै सहभागी महिला सहयोगी व्यक्तिसहित आएका थिए । पानीको जति अभाव बढ्दै जान्छ, घरको कामको बोझ महिलाहरूमाथि नै बढ्दै गएको हुन्छ, अपाङ्गता भएका महिलाहरू पनि अपवाद छैनन् । एक जना आदिवासी जनजाति सहभागीले नजिकैका पानीका मुहान सुकेपछि आफू आमामाथि झनै निर्भर हुनुपरेको बताएकी छिन् :

हाम्रो घर राजधानीमै छ, तर मेरी आमा पानी ल्याउन टाढा जानुपर्छ । पानीको अभाव एउटा ठूलो समस्या बनेको छ । मलाई गम्भीर अपाङ्गता छ, ह्वीलचेयरमा पनि हिँडडुल गर्न आमाकै सहारा चाहिन्छ । उहाँ पानी लिन जाँदा वा कतै बाहिर जाँदा म एक्लै हुन्छु, निकै गाह्रो हुन्छ । छोरी भएर मैले पनि आमाको बोझ बाँड्न र पानी ल्याउन सहयोग गर्न चाहन्थेँ, तर सक्दिनँ । यो कुराले मलाई सधैँ दुःखी बनाउँछ ।




पानी ल्याउन धाउनुपर्ने बाध्यता । चापागाउँ, गोदावरी नगरपालिका (ललितपुर जल्लिा), पुष २४, २०८१

### ४.२.५ तथ्याङ्क र योजना तर्जुमामा रहेका कमीहरू

धेरै सहभागीले अपाङ्गताअनुसार खण्डीकृत तथ्याङ्क नहुनुलाई स्थानीय विपद् व्यवस्थापन र पुनर्लाभ योजनामा समावेश हुनबाट रोक्ने ठूलो अवरोध रहेको बताएका छन् । काठमाडौँमा अनुसन्धान टोलीले अवलोकन गरेको एउटा बैठकमा वडा प्रतिनिधिले नगरपालिकामा यस्ता खण्डीकृत तथ्याङ्क नभएको स्वीकार गरेका छन् :

> " हाम्रा विपद् प्रतिकार्य योजनामा अपाङ्गता भएका महिलाहरूको सङ्ख्या वा विवरण छैन । हामीले 'जोखिममा रहेका समूह' का लागि भनेर सामान्य प्रावधान त राखेका छौँ, तर उनीहरूको विशेष आवश्यकता के-के छ वा कहाँ बस्छन्, त्यसबारे कुनै जानकारी सङ्कलन गरेका छैनौँ ।

मधेश प्रदेशको बारा जिल्लाकी एकजना सुनाइसम्बन्धी अपाङ्गता भएकी महिला, जसले पहिले समावेशी विपद् योजना बनाउन पैरवी गरेकी थिइन्, आफूले भोगेको यस्तै समस्या यसरी सुनाएकी छिन् :

> " मैले पालिकामा गएर अघिल्लो बाढीले हामीजस्ता कति महिला प्रभावित भएका थियौँ भनेर सूचना मागेकी थिएँ । उनीहरूसँग जानकारी नै थिएन । हामी पनि छौँ भन्ने उनीहरूलाई थाहा नै छैन भने कसरी सही योजना बनाउँछन् ? यो त हामी उनीहरूका कागजमा र दिमागमा पनि अदृश्य छौँ जस्तो भयो ।

चितवन जिल्लाको राप्ती नगरपालिकाकी एकजना दृष्टिविहीन महिलाले पनि स्थानीय निकाय अपाङ्गता भएका व्यक्तिलाई विपद्पछिको पुनर्लाभका लागि के कस्तो सहयोग चाहिन्छ भन्ने कुराबाट पूरै बेखबर रहेको बताएकी छिन् :

> " हामीले सुनेका छौँ, स्थानीय विपद् व्यवस्थापन समितिसँग जोखिममा रहेका मानिसहरूलाई सहयोग गर्नका लागि भनेर केही सामानहरू छन् । तर विपद् व्यवस्थापन समितिले के गर्छ, जलवायुजन्य वा अन्य विपद्को समयमा सहयोगका लागि के कस्ता योजना र सामान छन् भन्ने हामीलाई थाहा नै छैन ।

## ४.३ जलवायु कार्यमा सहभागिता बढाउने कुराहरू

अघिल्ला खण्डहरूले अपाङ्गता भएका महिलाहरूले समाजमा र जलवायु परिवर्तनका कारण भोग्नुपरेका चुनौतीहरूलाई उजागर गरेका थिए भने तलको खण्ड जलवायु कार्यमा उनीहरूको सहभागिताका अवसरहरूमा केन्द्रित रहेको छ ।

### ४.३.१ क्षमता अभिवृद्धि र सचेतना निर्माण

अध्ययनमा सहभागी धेरैजसो अपाङ्गता भएका महिलाले जलवायु परिवर्तनको प्रभावको अनुभव गरे पनि यससम्बन्धी कुनै तालिम वा कार्यक्रममा कहिल्यै सहभागी नभएको बताएका थिए । यो अनुसन्धानका क्रममा भएका कार्यशालाहरूले उनीहरूलाई जलवायु परिवर्तनको आधारभूत ज्ञान दिएर आत्मविश्वास बढाएको र जलवायुसम्बन्धी छलफल र कार्यमा सक्रिय सहभागी हुन सक्ने बनाएको छ ।

दृष्टिविहीन अपाङ्गता भएकी एक महिला भन्छिन् :

> " हामीले जलवायु परिवर्तन हाम्रो दैनिक जीवनमा एकदमै आम रूपमा भइरहेको घटना हो भन्ने बुझ्न पायौँ । थप तालिम पाए हामी नगरपालिकासँग यी विषयमा पैरवी गर्नका लागि धेरै गर्न सक्थ्यौँ ।

जलवायुको ज्ञानभन्दा पनि साथी-साथीबीचको सिकाइ निकै महत्त्वपूर्ण सहयोगी उपाय बनेको थियो । फरक-फरक अपाङ्गता भएका महिलाहरूसँग अनुभव आदानप्रदान गर्दा व्यावहारिक सीप, आत्मविश्वास र एकताको भावना बढेको थियो र जसले जलवायु कार्यमा सहभागिता हुन बल दिएको थियो ।

सुनाइसम्बन्धी अपाङ्गता भएकी एक महिलाले यो कुरालाई यसरी व्यक्त गरेकी छिन् :

> " सञ्चारमा चुनौती रहेको मजस्ता श्रवणविहीन व्यक्तिलाई अरूसँग गहन रूपमा कुराकानी गर्ने मौका कमै मिल्छ । यी कार्यशालाहरूले मलाई अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने नयाँ चुनौती र अवसरहरूबारे जान्ने मौका दियो । काठमाडौँमा बस्ने हामीले सामान्यतया

परम्परादेखि चलिआएका अभ्यासहरूबारे कुरा गर्दैनौँ, तर यहाँ अन्य सहभागीहरूबाट जलवायु अनुकूलनका लागि प्रयोग हुने ती परम्परागत तरिकाहरू थाहा पाएँ । यो मेरो लागि निकै ज्ञानवर्धक रहेको थियो

दृष्टिविहीन एक महिलाले पनि यस्तै अनुभव सुनाएकी छिन् :

" मैले कहिल्यै व्हीलचेयर प्रयोग गर्ने व्यक्तिलाई भेटेकी थिइनँ । बाढीको समयमा व्हीलचेयर प्रयोगकर्ताले भोग्ने समस्याहरूबारे मैले यहाँ आएर जान्न पाएँ । यो मलाई कार्यशालामा सहभागी व्हीलचेयर प्रयोग गर्ने साथीबाट थाहा पाएँ ।

फरक-फरक अपाङ्गता भएका व्यक्तिबीचको यस प्रकारको आदानप्रदानले सहभागीहरूको जलवायुको जोखिम र सफल अनुकूलन रणनीतिबारे सामूहिक बुझाइ अझ गहिरो बनाएको थियो । क्षमता अभिवृद्धिका सत्रहरूले व्यक्तिगत अनुभवलाई बृहत्तर जलवायु कार्यसँग जोड्न पनि मद्दत गरेको थियो । बौद्धिक अपाङ्गता भएकी एक सहभागीले यसलाई यसरी व्यक्त गरेकी छिन् :

" स्थानीय सरकारले विपद् व्यवस्थापन योजना निर्माणमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने हो भने विपद्का जोखिम धेरै कम गर्न सकिन्छ भन्ने मैले सिकेकी छु ।

मनोसामाजिक अपाङ्गता भएकी एक महिलाले आफ्नो बुझाइ यसरी राखेकी छिन् :

" हामीले सचेतना फैलाउन सिर्जनात्मक तरिका अपनाउनुपर्छ – जस्तै नाटक र कला प्रयोग गरेर । वातावरण संरक्षणका लागि रूख रोप्नुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, सबैको आवाज समेट्ने स्थानीय योजना र नीति चाहिन्छ ।

### ४.३.२ अनुभवजन्य ज्ञानको मान्यता र एकीकरण

फरक-फरक अपाङ्गता भएका महिलाहरूसँग वातावरणीय चुनौतीसँग जुझ्ने फरक-फरक अनुभवजन्य ज्ञान रहेको हुन्छ र यस ज्ञानले जलवायु उत्थानशीलता वृद्धिमा ठूलो योगदान दिन सक्छ । उनीहरूले दैनिक जीवनमा अपनाएका र प्रमाणित उपायहरूलाई प्रायजसो नजरअन्दाज गरिएका हुन्छन्, तर ती उपायहरू एकदमै खास र महत्त्वपूर्ण हुन्छन् । समूह छलफलमा दृष्टिसम्बन्धी अपाङ्गता भएकी एक महिलाले आफ्नो अनुकूलन रणनीतिले कसरी सबैतिर उत्थानशीलता बढाउन सहयोग गर्न सक्छ भन्ने कुरा यसरी बताएकी छिन् :

" मान्छेहरू हामीलाई सहयोग चाहिन्छ भन्ने मात्र सोच्छन्, तर हामीले हरेक दिन रचनात्मक उपाय निकालिरहेका हुन्छौँ भन्ने उनीहरूलाई थाहा हुँदैन । आँधीहुरीले बिजुली गएको बेला मेरो घर वरिपरि हिँडडुल गर्न मैले छोएर थाहा पाउने चिन्हहरू बनाएकी छु । यो कुरा मैले छिमेकीहरूलाई भनेँ, अनि उनीहरूलाई पनि थाहा भयो यस्ता चिन्हहरू बिजुली गएको बेला सबैलाई काम लाग्छ, दृष्टिविहीनलाई मात्र होइन ।

मनोसामाजिक अपाङ्गता भएकी अर्की महिलाले पानी बचाउने आफ्नो तरिका यसरी सुनाएकी छिन् :

" मलाई पानी ल्याउन गाह्रो हुने भएकाले मैले हरेक थोपा पानीलाई धेरै पटक प्रयोग गर्न सिकेकी छु । तरकारी धुन प्रयोग गरेको पानी बिरुवामा हाल्छु, बर्सातको पानी घर वरिपरिका खास ठाउँमा सङ्कलन गर्छु । यो केवल हामी अपाङ्गता भएका व्यक्तिको अनुकूलन मात्र होइन, पानी अभाव हुँदा सबैले प्रयोग गर्न सक्ने जलवायु अनुकूलनको उपाय हो ।

सहभागीहरूले परम्परागत ज्ञानको महत्त्वबारे पनि चर्चा गरेका थिए, जस्तै समुदायमा बर्सातको पानी सङ्कलन गर्ने तरिका । मनोसामाजिक अपाङ्गता भएकी एक महिलाले आफ्नो अनुभव यसरी बताएकी छिन् :

" मेरो घरमा पानीको समस्या थियो, दैनिक काम गर्न गाह्रो हुन्थ्यो । मैले त्यसको समाधान निकालेँ – एउटा टेन्ट राखेर १००० लिटरको ट्याङ्कीमा बर्सातको पानी सङ्कलन गर्न थालेँ । टेन्टलाई पानी सिधै ट्याङ्कीमा जाने गरी राखेकी थिएँ ।

### ४.३.३ सामुदायिक ऐक्यबद्धता र सहयोगी सञ्जाल

सहभागीहरूले सामाजिक तथा वातावरणीय अवरोधहरू पार गर्न जलवायु विपद्अघि, विपद्को समयमा र विपद्पछि सामुदायिक सहयोग अत्यावश्यक रहेकोमा सहमत जनाएका थिए । बारम्बारको पहिरो र बाढीको जोखिममा रहेको जिल्ला सिन्धुपाल्चोकको माझी समुदायकी दृष्टिसम्बन्धी अपाङ्गता भएकी आदिवासी जनजाति महिलाले गत २०८१ साल असोजको विपद्मा आफ्नो समुदायले गरेको सहयोगबारे यसरी बताएकी छिन् :

" मेरो घर नजिकै बाढी आएको बेला समुदायका सबै मिलेर मलाई सुरुमै सुरक्षित निकाले । उहाँहरूले भन्नुभयो - 'तिमीमा अपाङ्गता छ, हामी त छिटो दौडिन्छौँ, तिमी दौडिन सक्दैनौ, त्यसैले तिमी पहिले निस्कनुपर्छ ।' यसले मलाई आफूलाई कदर गरिएको र संरक्षणमा रहेको महसुस गरायो ।

अनुसन्धान टोलीले समुदाय भ्रमण गर्दा त्यहाँ एकदमै राम्रा समावेशी अभ्यासका क्रियाकलाप पनि अवलोकन गरेको थियो : समुदायमा रहेका ४२ वटै घरपरिवार मिलेर घर बनाउँछन्, सामूहिक श्रमदान गरी एक पटकमा एउटा घर बनाउने काम सक्छन्; कमाउने काम (जस्तै बालुवा ढुवानी) हिँडडुल गर्न सक्ने सदस्यहरूले गर्छन्, तर कमाइ सबै परिवारमा बराबर बाँडिन्छ, अपाङ्गता भएका व्यक्तिका परिवारमा पनि । यसबारे उनले आफ्नो खुसी यसरी व्यक्त गर्छिन् :

" म आफैले बालुवा बोक्न सक्दिनँ, तर अरूले जति पाउँछन्, मलाई पनि त्यति नै दिइन्छ । यो आर्थिक सहयोगले जलवायु चुनौतीसँग जुध्नका लागि मलाई राम्रो पूर्वतयारी गर्न मद्दत गर्छ ।

बलियो भाइचारा सम्बन्ध र पारस्परिक लाभको मान्यताले अपाङ्गताप्रति भेदभाव कम गर्ने र समुदायमा समावेशी सहयोग बढाउने कुरा उनी बताउँछिन् :

" अरू ठाउँभन्दा फरक यहाँ मेरो अपाङ्गताले सामुदायिक निर्णयहरूमा मेरो आवाजलाई रोक्दैन । सामुदायिक बैठकमा सुरक्षित उद्धार मार्ग र पूर्वसूचना प्रणालीबारे मैले दिएको सुझाव सबैले सुन्छन् । अपाङ्गता भएकी महिला भएकै कारण मलाई यहाँ कम महत्त्वको ठानिँदैन ।

### ४.३.४ अन्य अभियानसँगको सहकार्य र सिकाइ

अपाङ्गता अधिकारमा काम गर्ने समूह र वातावरणको क्षेत्रमा काम गर्ने संस्थाहरूबीचको बढ्दो साझेदारीहरूलाई समावेशी जलवायु कार्यको बलियो सहयोगी उपाय मानिएको छ । यस्तो साझेदारीले अपाङ्गता भएका महिलाहरूलाई आफ्नो दृष्टिकोण राख्ने ठाउँ दिन्छ र व्यापक स्तरको पैरवी सञ्जालबाट सहयोग पनि प्राप्त हुन्छ । कर्णाली प्रदेशको पश्चिम रुकुमकी एक महिलाले (जो यस्तै साझेदारीमार्फत भर्खरै स्थानीय जलवायु कार्य समितिमा जोडिएकी छिन्) आफ्नो अनुभव यसरी बताएकी छिन् :

" पहिले अपाङ्गता समूह र वातावरण समूह छुट्टाछुट्टै काम गर्थे । म अपाङ्गता भएका व्यक्तिको संस्थामा आबद्ध थिएँ, तर हामीले त्यहाँ जलवायुको कुरा कहिल्यै उठाएका थिएनौँ । अहिले दुवै संस्था सँगै मिलेर काम गर्न थालेपछि मैले जलवायुसम्बन्धी छलफलमा अपाङ्गताको दृष्टिकोण ल्याउन सक्ने भएकी छु, र वातावरणका अभियन्ताहरूले पहुँचयुक्तताबारे सिकिरहेका छन् । यसले दुवै अभियानलाई बलियो बनाइरहेको छ ।

अनुसन्धान टोलीले एउटा सहकार्यमूलक कार्यशालाको अवलोकन गरेको थियो जहाँ वातावरणीय क्षेत्रमा काम गर्ने स्थानीय संस्था र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारमा काम गर्ने समूह मिलेर समावेशी वृक्षारोपण कार्यक्रमको योजना बनाउँदै थिए । त्यहाँ पहुँचयुक्त मार्ग, साङ्केतिक भाषा अनुवाद र फरक-फरक अपाङ्गता भएका व्यक्तिलाई सुहाउने भूमिका थिए । ह्वीलचेयर प्रयोग गर्ने एक महिलाले आफ्नो अनुभव यसरी सुनाएकी छिन् :

" यो पहिलो वातावरणीय कार्यक्रम हो जहाँ मैले आफूलाई बोझ हुँ भन्ने भएन । उनीहरूले मजस्ता मान्छे पनि सहभागी हुन आउँछौँ भनेर नै योजना बनाएका रहेछन् । म वर्षौंदेखि जलवायु कार्यक्रममा जोडिन चाहन्थेँ, तर सधैँ ह्वीलचेयर भएकैले सम्भव छैन भनिन्थ्यो । यी नयाँ साझेदारीहरूले हाम्रा लागि के सम्भव छन् भन्ने भाष्यलाई नै बदल्दैछन् ।

## ५ सिफारिसहरू

तलका सिफारिसहरू अपाङ्गता भएका व्यक्तिका संस्थाहरूसँगको संयुक्त छलफल तथा समीक्षाबाट आएका हुन् । यी सिफारिसहरू सरकार, नागरिक समाज, अपाङ्गता भएका व्यक्तिका संस्था, जलवायु क्षेत्रका सरोकारवाला र अन्तर्राष्ट्रिय विकास साझेदारहरूका लागि तयार गरिएका हुन् ।

### कलङ्क र अन्तरक्षेदिय विभेदको सम्बोधन

- अपाङ्गता भएका व्यक्तिप्रतिको कलङ्क हटाउन र जलवायु विपद्को समयमा विभेदकारी सोचले अपाङ्गता भएका व्यक्तिलाई कसरी थप जोखिममा पार्दछ भन्ने कुरा देखाउन अधिकारमा आधारित सचेतना अभियान सञ्चालन गर्ने ।

- पितृसत्तात्मक मूल्यमान्यतालाई चुनौती दिने सामुदायिक कार्यक्रम सञ्चालन गरी ग्रामीण क्षेत्रलाई विशेष प्राथमिकता दिएर अपाङ्गता भएका महिलाहरूको जलवायु कार्यमा सहभागिता वृद्धि गर्ने ।

- जलवायु अनुकूलन तथा योजना तर्जुमा प्रक्रियाका सबै चरणमा अधिकारमा आधारित अपाङ्गता समावेशीकरणलाई अवलम्बन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

- विविध अपाङ्गता र पृष्ठभूमिका महिलाहरूले जलवायु सङ्कटका बेला भोग्ने बहु-तहगत विभेदको सम्बोधनका लागि अन्तरछेदीय कार्यपद्धतिबारे स्थानीय अधिकारी तथा सामुदायिक अगुवाहरूलाई तालिम प्रदान गर्ने ।

- स्रोत अभाव र विस्थापनको समयमा अपाङ्गता भएका महिलाहरूमाथि हुने हिंसाको रोकथाम र प्रतिकार्यलाई जलवायु अनुकूलन योजना तर्जुमामा मूलप्रवाहीकरण गर्ने ।

### जलवायु उत्थानशीलता र स्रोतसाधनमा पहुँच सुदृढ बनाउने

- विभिन्न प्रकारका अपाङ्गता र पृष्ठभूमिका महिलाको आर्थिक सङ्कटासन्नतालाई ध्यानमा राखी त्यसको सम्बोधन गर्न जलवायु अनुकूलनसम्बन्धी विशेष आपतकालीन कोषको स्थापना र सञ्चालन गर्ने ।

- पानीको अभाव भएको समयमा खानेपानी सुरक्षासम्बन्धी कार्यक्रममा अपाङ्गता भएका महिला रहेका परिवारलाई प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने ।

- सामुदायिक ऐक्यबद्धता र सहकार्यलाई संस्थागत गर्ने गरी सामूहिक सहयोग प्रणाली विकास गर्दै जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

- चरम मौसमी घटनाका समयमा सुरक्षित बसोबासका लागि अपाङ्गता भएका महिलाहरूको आवासलाई जलवायु अनुकूल हुने गरी आवश्यक सुधार गर्न अनुदान वा सहुलियत उपलब्ध गराउने ।

- अपाङ्गता भएका महिलाहरूको आर्थिक सशक्तीकरणलाई लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जन कार्यक्रमको विकास र कार्यान्वयन गर्ने ।

### पूर्वाधार संरचना र सूचना पहुँचयुक्त रहेको सुनिश्चित गर्ने

- जलवायु परिवर्तनसँग सम्बन्धित सबै पूर्वाधार संरचना (आपतकालीन आश्रयस्थल, खानेपानी वितरण केन्द्र, सामुदायिक भवन आदि) सर्वमान्य संरचनाका मापदण्डअनुसार निर्माण वा सुधार गर्न अनिवार्य गर्ने ।

- विविध प्रकारका अपाङ्गता र पृष्ठभूमिका महिलाहरूले तुरुन्तै बुझ्न सकून् भनेर पूर्वसूचना प्रणालीलाई बहु-ढाँचामा (दृश्य, श्रव्य, सरल भाषा आदि) विकास गर्ने ।

- गमनशीलतासम्बन्धी विभिन्न आवश्यकता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी पहुँचयुक्त सुरक्षित उद्धार मार्ग र सुरक्षित स्थानान्तरण कार्यविधि स्थापना तथा कार्यान्वयन गर्ने ।

- इन्द्रिय (दृष्टि, श्रवण, श्रवणदृष्टि, स्वरबोलाई) र बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि जलवायुसम्बन्धी सबै सूचना तथा जानकारीलाई बहु-ढाँचामा (ब्रेल, अडियो, सरल भाषा, चित्र–सङ्केत आदि) तयार गरी प्रसारण गर्ने ।

■ जलवायुजन्य घटना/विपद्को समयमा र विपद्पछि पनि सञ्चालन हुने पहुँचयुक्त यातायात व्यवस्थामा लगानी गरी गमनशीलतामा रहने अवरोधहरू हटाउने ।

### अपाङ्गता भएका महिलाको अर्थपूर्ण सहभागिता बढाउन क्षमता अभिवृद्धि गर्ने

■ अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, विशेष गरी अपाङ्गता भएका महिलाका संस्थालाई आफ्नो पैरवी र कार्यक्रममा जलवायु परिवर्तनसम्बन्धी मुद्दा समेट्न सहयोग गर्ने तथा ती मुद्दामा महिलाको नेतृत्व विकास गर्न प्रोत्साहन र स्रोत उपलब्ध गराउने ।

■ सङ्घ, प्रदेश र स्थानीय तहका जलवायुसम्बन्धी निर्णय गर्ने निकायहरूमा अपाङ्गता भएका महिलाका लागि अनिवार्य प्रतिनिधित्व कोटा निर्धारण गरी कार्यान्वयन गर्ने ।

■ विभिन्न प्रकारका अपाङ्गता भएका महिलाका लागि पहुँचयुक्त जलवायु शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

■ विभिन्न अपाङ्गता र पृष्ठभूमिका महिलाका बीच अनुकूलन रणनीतिहरू आदानप्रदान गर्न र सामूहिक पैरवी गर्न साथी सहयोग सञ्जाल स्थापना र सुदृढ गर्ने ।

■ जलवायुजन्य आपतकालीन अवस्थाको समयमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिलाई उचित सहयोग गर्ने विधिबारे आपतकालीन उद्धार टोली तथा सुरक्षाकर्मीलाई विशेष तालिम प्रदान गर्ने ।

■ अपाङ्गता भएका व्यक्तिका संस्था र जलवायु कार्यमा सक्रिय महिला तथा युवा सञ्जालहरूबीच नियमित सम्पर्क, सहकार्य र साझेदारी स्थापना गरी सञ्चालन तथा प्रोत्साहन गर्ने ।

### अनुसन्धान र ज्ञान उत्पादनलाई प्रवर्धन गर्ने

■ विविध प्रकारका अपाङ्गता र पृष्ठभूमिका महिलाहरूका जलवायुसम्बन्धी अनुभव दस्तावेजीकरण तथा विश्लेषण गर्न सहभागितामूलक अनुसन्धानलाई विस्तार गर्ने ।

■ जलवायु प्रभावित क्षेत्रहरूमा अपाङ्गताका प्रकार, उमेर, जातजाति र भौगोलिक स्थान समावेश गरिएको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने गरी तथ्याङ्क सङ्कलन प्रणालीलाई सुदृढ गर्ने ।

■ अपाङ्गतासम्बन्धी तथ्याङ्क सङ्कलनमा "वासिङ्गटन ग्रुप प्रश्नावली" प्रयोगलाई अनिवार्य गरी अपाङ्गताको कार्यगत सीमितता मोडेललाई मूलप्रवाहीकरण गर्ने ।

■ आदिवासी जनजातिहरूको परम्परागत ज्ञान र जलवायु अनुकूलन रणनीतिहरूलाई, विशेष गरी अपाङ्गता भएका आदिवासी जनजाति महिला तथा बालिकाहरूको ज्ञान र अभ्यासलाई समेत समावेश गरी, दस्तावेजीकरण र प्रसार गरी जलवायु जोखिम न्यूनीकरण तथा उत्थानशीलता बढाउन सहयोग गर्ने ।

■ समावेशी उत्थानशीलताका उत्कृष्ट अभ्यासहरू (जस्तै : माझी समुदायको पानी, वन र जैविक विविधता व्यवस्थापन पद्धति) अनुसन्धान गरी तिनलाई अन्य क्षेत्रमा पनि विस्तार गर्न सकिने गरी अनुकूल बनाउने ।

■ जलवायु परिवर्तनका कारण उत्पन्न स्रोत (विशेष गरी पानीको) अभावले विभिन्न अपाङ्गता भएका महिलाका स्वास्थ्य, स्वच्छता, सरसफाइ, सुरक्षा र जीविकोपार्जनमा पार्ने प्रभावको गहन अनुसन्धान गर्ने गराउने ।